लेखापरीक्षण प्रतिवेदन

सुन्दरबजार नगरपालिका, लमजुङ

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

सुन्दरबजार नगरपालिका, लमजुङ

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/471

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
सुन्दरबजार नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
लमजुङ।

कैफियतसहितको राय

हामीले सुन्दरबजार नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्नस्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू१४ करोड ३६ लाख ३६ हजार, गरिव सँग विशेश्वर कार्यक्रमको रू ३ लाख ३५ हजार, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू ८१ लाख ३४ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ३७ लाख ४५ हजार र पर्यटन पूर्वाधार विकास कार्यक्रमको रू ६५ लाख ३७ हजार समेत गरी रू १६ करोड २३ लाख ८७ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु.१ अर्ब ५३ करोड ३३ लाख ८ हजारको लेखापरीक्षण गरिएकोमा रु.२ करोड ९२ लाख ९४ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.९ लाख १० हजारको प्रतिक्रिया उपर कारबाही भई कायम भएको बाँकी बेरुजु रु.२ करोड ८३ लाख ८४ हजारमध्ये असुल गर्नुपर्ने रु. ७० लाख ११ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. १ करोड ६ लाख ७८ हजार, नियमित गर्नुपर्ने रु. १ करोड २ लाख ३० हजार र पेश्की रु.४ लाख ६५ हजार रहेको छ। गत वर्षसम्म रु.१२ करोड १९ लाख २० हजार बेरुजू बाँकी रहेकोमा

हालसम्मको अद्यावधिक बेरुजू रु. १५ करोड ३ लाख ४ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यस पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राजेन्द्र राज ओझा)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
३२	७३	२९२९४२२७	०	५	९०९७७०	०	३२	६८	२८३८४४५७	७०११४७४	१०२३०१९३	१०६७७४१०	०	०	२०९०७६०३	४६५३८०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
लमजुङ	१२१९२००००	०	०	१२१९२००००	०	२८३८४४५७	१५०३०४४५७

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजु दफा नं.	बेरुजुको छोटकरी बेहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	३०	हराएको परिमाणको रकम असुली	१२०००.०
२	२०८०/८१	६५.१	सुन्दरबजार अस्पताल तर्फ	१५४५०.०
३	२०८०/८१	५१	बढी दररेट असूल गर्नुपर्ने	३५००.०
४	२०८०/८१	६४	प्रमाण र पुष्ट्याई	७९९४४८.०

५	२०८०/८१	१४	आन्तरिक लेखापरीक्षणबाट देखिएको व्यहोराहरु	७९३७२.०

(८०४३७४०४३०० - सुन्दरबजार नगरपालिका, लमजुङ)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल ७२.०३ वर्ग किलोमिटर तथा २७०४३ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।६ देखि २०८१।६।१८ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु.१५३३३०८०००।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२२३२ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

एकीकृत आय-व्ययः पालिकाको आर्थिक वर्ष २०८०।८१ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	जम्मारकम		विवरण	रकम	जम्मारकम
१	गत वर्षको जिम्मेवारी		१०७२९०८७२।१७	१	धरौटी तथा कोष खर्च		१६९१०२३८।००
२	विविध खर्च खाताको आम्दानी		१६४५६८९२।५५		धरौटी फिर्ता	२४१७१७०।००	
	गत बर्षको अल्या	७५९६२४५।९८			विविध खर्च खाताबाट खर्च	१४४९३०६८।००	
	यस बर्षको आय	८८६०६४६।५७			विविध कोषबाट खर्च	०।००	
३	विविध कोष खाताहरु		५३५५०९०।८९	२	चालु खर्च		४५१०३०९१५।३५
	कर्मचारी कल्याणकारी कोष	३७८७७७८।००			नगरपालिका चालु	१५१६८०३७८।११	
	लैङ्गीक हिंसा निवारण कोष	४०००००।००			शिक्षा चालु	१२७७१९४०।७०	
	बाल संरक्षण कोष	२०००००।००			कृषि चालु	१६९२६६१।००	
	प्रकोप व्यबस्थापन कोष	३६७३१२।८९			संघिय सरकार ससर्त चालु	२७८२४७७७१।५४	
	शिक्षा बिकास कोष	६०००००।००			स्वास्थ्य चालु	६६३८१६४।००	
४	राजश्व (आन्तरीक आय)		११५९४९०८७।३४				
	क) आन्तरीक राजश्व	१४६०८३७७।७२		३	पुँजिगत खर्च		१६३४८९१३२।२२
	ख) बाँडफाँडबाट प्राप्त राजश्व (संघ)	७६९४६८४९।७६			नगरपालिका पुजिगत	१२७९१४१०५।८५	
	ग) राजश्व वाँडफाँड (प्रदेश)	२२९५९४८१।४६			कृषि पुजिगत	१६६४८२०।००	
	घ) राजश्व बाँडफाँड (स्थानीय)	१४३४३७८।४०			संघिय सरकार पुँजिगत	३०२८६२०६।३७	
५	संघीय सरकारबाट प्राप्त अनुदान		४१८५८०८७६।००		प्रदेश सरकार हस्तान्तरीत पुँजिगत	३६२४०००।००	
	क) वित्तीय समानिकरण अनुदान	९७१८५०००।००					
	ख) ससर्त अनुदान	३०१७४७६००।००					
	ग) समपुरक अनुदान	५७१८२७६।००					
	३) विशेष अनुदान	१३९३००००।००					
६	प्रदेश सरकारबाट प्राप्त अनुदान		१८९९०४००।००	४	मौज्दात		६५८२१२७१।०४
	क) वित्तीय समानिकरण अनुदान	१०३७५५००।००			क) संचित कोष	५१०४६९०९।९४	
	ख) ससर्त अनुदान	३६२४०००।००			ख) धरौटी	७४५५४४५।६६	
	ग) समपुरक अनुदान	४९९०९००।००			ग) विविध खर्च खाता	१९६३८२४।५५	
	३) विशेष अनुदान				घ) विविध कोष खाता		
७	अन्य आय		४७५५७२२।००		कर्मचारी कल्याणकारी कोष	३७८७७७८।००	
	सटक वोर्ट	४७५५७२२।००			लैङ्गीक हिंसा निवारण कोष	४०००००।००	
८	धरौटी तथा कोष		९८७२६१५।६६		बाल संरक्षण कोष	२०००००।००	
	गत बर्षको अल्या	५२६२३३०।६०			प्रकोप व्यबस्थापन कोष	३६७३१२।८९	
	यस बर्षको आय	४६१०२८५।०६			शिक्षा बिकास कोष	६०००००।००	
	जम्मा आय पालिका तर्फ		६९७२५१५५६।६१		जम्मा व्यय पालिका तर्फ		६९७२५१५५६।६१
९	अन्तर सरकारी अख्तियारी संघ		१५५८५०७०७।००	५	अन्तर सरकारी अख्तियारी सं३		१५५८५०७०७।००
	सामाजिक सुरक्षा	१४३६३६७०७।००			सामाजिक सुरक्षा	१४३६३६७०७।००	
	गरिब सँग विश्वेश्वर कार्यक्रम	३३५०००।००			गरिब सँग विश्वेश्वर कार्यक्रम	३३५०००।००	
	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३७४५०००।००			स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३७४५०००।००	
	एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	८१३४०००।००			एकिकृत स्वास्थय पूर्वाधार विकास कार्यक्रम	८१३४०००।००	
१०	अन्तर सरकारी अख्तियारी प्रदेश		६५३७१४७।००	६	अन्तर सरकारी अख्तियारी प्रदेश		६५३७१४७।००
	जम्मा		**८५९६३९४१०।६१**		जम्मा		**८५९६३९४१०।६१**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय तहले संचित कोषमा गत विगतको साविक नगरपालिका र गा बि स हरुबाट सरी आएको सम्पत्ती र दायित्व बाँकीको अवस्था समेत स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म ले प फा नं २७२ ले साविकको उक्त कारोवार समेत देखिने गरी आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।

• कार्यालयले आ.व. २०८०/८१ को लागि बजेट तथा कार्यक्रम स्वीकृत गर्दा स्थानिय संचित कोषमा हुनसक्ने आम्दानी र खर्चको यथार्थतालाइ बिश्लेषण गरेर तर्जुमा गर्नुपर्नेमा सो बमोजिम भए गरेको पाइएन । यस स्थानिय सरकारको कार्यपालिका र सभाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा र स्वीकृत गर्दा गराउदा आफ्नो अपेक्षित आम्दानी र खर्चलाइ बिश्लेषण गरेर मात्र यथार्थतामा आधारित भएर तर्जुमा गर्नुपर्ने देखिन्छ ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले पेश गरेको वित्तीय विवरण यथार्थ र सही ढंगले तोकिए बमोजिमको ढाँचामा बन्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले संघिय तथा प्रादेशिक सरकारबाट हस्तान्तरित सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम समेत संघिय र प्रादेशिक पुर्वाधार बिकास कार्यक्रम लगायतका कार्यक्रम तथा बजेट शिर्षकबाट भएको आम्दानी तथा खर्चको लेखाकंन सुत्रमा राखि प्रतिवेदन २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा तयार गर्नु पर्दछ ।

• एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वियन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । पालिकाले समिति गठन गरेको जनाएको छ । समितिलाई थप प्रभावकारी बनाउनु पर्दछ ।

त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

३ **जिम्मेवारी फरक पारी अ. ल्या. गरेको**

जिम्मेवारी फरक पारी अ. ल्या. गरेको : कार्यालयले योवर्ष संचित कोष खाता, धरौटी खाता र बिविध कोष खातामा कायम गरेको शुरु मौज्दात गतवर्षको एकिकृत आय व्यय बिबरण र अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुसार देखिएको बांकी मौज्दातसंग देहाय बमोजिम कुल जम्मा रु.१३९७२१८९।४५ फरक पारी पालिकाले जिम्मेवारी अ. ल्या. गरेको बैंक मौज्दात घटी रहेको देखिएको छ ।जसमा संचित कोषतर्फ रु.१३६१४४१३।८३ घटी रहेको छ भने धरौटी खातामा रु.३५७७७५।६० बढी जिम्मेवारी अ.ल्या. गरेको छ । यसरी घटि र बढी जिम्मेवारी अ. ल्या. गरी फरक परेको सम्वन्धमा बैंक हिसाव मिलान बिबरण तयार गरी यथार्थता यकिन गर्नुपर्नेमा गरेको नदेखिएकोले यकिन गर्नुपर्दछ ।

सि नं	बिबरण	गतवर्षको लेखापरीक्षण प्रतिवेदन र आयव्यय बिबरणले देखाएको मौज्दात बाकी	योवर्ष जिम्मेवारी सारेको मौज्दात	फरक रकम
१	संचित कोष खाता	१२०९०५२८६	१०७२९०८७२।१७	१३६१४४१३।८३
२	धरौटी कोष खाता	४९०४५५५	५२६२३३०।६०	३५७७७५।६०
३	प्रकोप व्यवस्थापन कोष	३६७३१२	३६७३१२।८९	०
४	विविध खर्च	७५९६२४६	७५९६२४५।९८	०.०२
५	विविध कोष खाता	४७८७७७८	४७८७७७८	०
	जम्मा	१३८५६११७७	१२५५०४५३८।६६	१३९७२१८९।४५

४ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.१ करोड ४२ लाख ७७ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम वडा स्तरिय समितिको निर्णयबाट चालुतर्फ रु.६६ लाख ७७ हजार, पुजीगततर्फ वडा स्तरिय समितिको निर्णयबाट रु.५१ लाख र कार्यपालिका स्तरिय निर्णयबाट रु.२५ लाख समेत रु.७६ लाख खर्च गरी पछि सभाबाट अनुमोदन गराएको बिबरण प्राप्त भएको छ । बजेट अबण्डमा राखी स्वविवेकी अधिकार प्रयोग गरी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

५ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ ।यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र सं	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	५,४२,०८,०००	३,८५,२७,९००.४५	६.२७
२	पूर्वाधार विकास	१५,६५,२३,५१६.००	१३,३१,११,६३२.२०	२१.६६
३	सामाजिक विकास	३६,६६,७६,२५४.००	३२,५१,१८,२९८.२६	५२.९०
४	सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र	१,९२,२९,१७४.००	१,०८,२९,५७२.००	१.७७
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१३,२३,७५,९६३.००	१०,६९,३२,६४४.६६	१७.४०
	जम्मा	७२९०१२९०७	६१४५२००४७।५७	१००

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छ:

खर्च बिश्लेषणः यस पालिकाले अघिल्लो आ.व.२०७९/०८० बाट प्राप्त अ.ल्या मौज्दात रु. १२५५०४५३८।६६ यस बर्ष कुल आन्तरिक आय समेतबाट रु १६०४२७५६।१२ र राजस्व बाँडफाँडबाट रु.९९९०६३३१।२२ तथा अनुदानबाट रु-४३७५७१२७६/ समेत रु ८५९६३९४१०।६१ आम्दानी भएकोमा चालु तर्फ रु. ६३०३२९००७।३५ र पुँजीगत तर्फ रु. १६३४८९१३२।२२ समेत रु. ७९३८१८१३९।५७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.०२ प्रतिशत रहेको छ । नगरपालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । साथै आन्तरिक आय बढाउनका लागि सम्भाव्य उपाय अवलम्वन गर्नुपर्दछ ।

६ **क्षेत्रगत बजेट र खर्च**

चौमासिक खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा कार्यालयले स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको निम्न विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति विश्लेषण गर्दा अन्तिम चौमासिक एवं विशेष गरी आषाढ महिनामा बढी खर्च गरेको देखिन्छ । यसरी वर्षान्तमा बढी खर्च गरी हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
पूँजिगत खर्चतर्फ	१६३४८९१३२	२७५६९७३७	२६७०४४७४	१०९२१४९२१	५२५६४१०६
प्रतिशत	१००	१६.८६	१६.३४	६६.८०	३२.१५

७ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

८ **कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवामा आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा गतबिगतको बाकी मौज्दात रु ३७८७७७८। र योवर्ष शुन्य बजेट बिनियोजन गरी सो बजेटबाट कर्मचारी कल्याण कोषमा शुन्य रकम जम्मा गरी बर्षको अन्त्यमा रु ३७८७७७८। बाकी मौज्दात रहेको जनाएको छ ।

(क) त्यसैगरी कार्यालयमा रहेका कोषहरुको अवस्था निम्नानुसार रहेको छ । यस्ता कोषहरुबाट हुने कारोवारको सम्वन्धमा पालिकाले उचित कार्यबिधीहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्न ध्यान दिनु पर्दछ ।

सि नं	कोषको नाम	गतवर्षको अ. ल्या.	यसवर्षको आम्दानी	यसवर्षको खर्च	मौज्दात बाकी
१	प्रकोप व्यवस्थापन कोष	३६७३१२।८९	०	०	३६७३१२।८९
२	कर्मचारी कल्याण कोष	३७८७७७८	०	०	३७८७७७८
३	लैंगिक हिंसा निवारण कोष	४०००००	०	०	४०००००
४	बाल संरक्षण कोष	२०००००	०	०	२०००००
५	शिक्षा बिकास कोष	६०००००	०	०	६०००००
	जम्मा	५३५५०९०।८९	०	०	५३५५०९०।८९

९ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको जनाएतापनि सो अनुरुप कार्यान्वयन भएको देखिएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको जनाएतापनि सो अनुरुप कार्यान्वयन भएको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजना बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदन अनुसार विभिन्न मालसामान लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा पालिकाले तयार गरेको जनाएता पनि सो बमोजिम खरिदको कार्य गरेको पाईएन।

• कार्यक्रमहरुको विस्तृत विवरण देखिने गरी कार्यक्रम अभिलेख खाता राखेको पाईएन।

• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार नगरपालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती

अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• पालिकाका पदाधिकारीहरुको मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने गरेको छैन ।

• पालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने गरेको तर कार्यान्वयन नभएको ।

• कतिपय भ्रमण खर्चको विल साथ भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको ।

• मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मसँग रु.२० हजार भन्दा कम रकमका विभिन्न विलहरु मार्फत मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्ने गरेको छ ।

• कतिपय भ्रमण आदेशमा स्पष्ट काम उल्लेख नगरि कार्यालय सम्बन्धी काम मात्र उल्लेख गरेको छ।

• गोश्वारा भौचर साथ संलग्न विल भरपाई अनुसार हुने खर्चको तेरिज तयार गरी राख्ने गरेको छैन।

• पदाधिकारीलाई मासिक सुविधा अन्तर्गत पाउने सञ्चार सुविधाको अतिरिक्त मोवाइल रिचार्ज कार्डमा थप खर्च लेख्ने गरेकोले यसमा नियन्त्रण हुनु पर्ने देखिन्छ।

• विद्युत, पानी महशुल यथा समयमै भुक्तानी नगरी ढीलाई गर्दा थप दस्तुर समेत खर्च लेख्ने गरेको छ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वियनमा आउन सकेको छैन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको छैन । केही सामान विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले नगरपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना नभएको ।

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची-२११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको।

• राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको नगरेको ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक तयार गरे पनि लागत यकिन नभएको ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको।

• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको।

• स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा नगरपालीकाले सार्वजनिक सम्पतीहरुको अभिलेख राखेको छैन् ।

• खेलकुद कार्यक्रम, सांस्कृतिक कार्यक्रमहरुको लागी अध्यक्षको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको।

• सवारी तथा उपकरणको मर्मत संरक्षण तथा अभिलेख फारम नराखेको ।

• अधिकांशमा पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यादिश नभएको ।

• नगरपालिका तथा विद्यालयबाट आयोजना भएको खेलकुद प्रतियोगितामा खरिद गरी प्रयोग गरिएका खप्ने जिन्सी सामग्री लगायतका खेलकुद सामग्रीको विवरण सहित सम्बन्धित कार्यालय वा विद्यालयमा दाखिला गर्ने नगरेको ।
• अधिकांश कार्यक्रम सञ्चालन पूर्व प्रस्ताव स्वीकृत नभएको र कार्यक्रम सम्पन्न प्रतिवेदन पेस नगरेको ।
• पालिकाको डोजर/ स्क्याभेटर प्रयोगमा तेल प्रयोगको लग बुक नभएको ।
तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१० **सिफारिस**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस नगरपालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

विवरण	सिफारिस भएको संख्या
जन्मदर्ता	५४५
मृत्युदर्ता	२१९
बसाईसराई भई आउनेको दर्ता	२५०
बसाईसराई भई जानेको दर्ता	५९
विवाह दर्ता	२९७
सम्बन्ध बिच्छेद	४१

११ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फर्स्यौट विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ उजुरी रहेकोमा यस बर्ष विभिन्न विषयका ३६ वटा विवाद दर्ता भएकोमा जम्मा ४२ मध्ये ३७ वटा फर्स्यौट भई यो वर्ष फर्स्यौट नभई ५ वटा बाँकी रहेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१२ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविध तर्फ रु.२३७६४०२। खर्च गरेको बिबरण प्राप्त भएको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१३ **सहकारी संस्था**

साबिक डिभिजन सहकारी कार्यालयहरु मध्ये संघियताको कार्यान्वयन सँगसँगै यस नगरपालिकामा रहेका मध्ये ५२ वटा संस्थाहरु एकिकरणमा गएकोमा ३७ संस्था सक्रिय रही १५ वटा संस्थाहरु निष्कृय रहेको विवरण प्राप्त भएकोमा निष्कृय रहेको संस्थाहरुमा सर्वसाधारणको पूँजी र सम्पत्ती के कस्तो अवस्थामा रहेको छ सोको जोखिमलाई न्यूनिकरण गरी सर्वसाधारणको सम्पत्ती र अधिकारको संरक्षणको सम्बन्धमा नगरपालिकाले थप यथेष्ठ पहल गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा समवन्धित पदाधिकारी र कर्मचारीहरुको ध्यान जानु आवश्यक छ । सहकारी संस्थाहरुको प्रवर्द्धन र नियमनमा प्रभावकारीता ल्याउन एवं सहकारी क्षेत्रको एकिकृत तथ्यांकको आधार सिर्जना गर्न पालिका भित्र रहेका सक्रिय सहकारी संस्थाहरुलाई इन्टरनेटमा आधारित एकिकृत विद्युतिय व्यवस्थापन सूचना प्राणाली Software मा आवध्द गराउन र निष्कृय रहेका सहकारी संस्थाहरुलाई शेयर सदस्य र वचतकर्ताहरुको

शेयर तथा बचत रकमको भुक्तानी पाउनु पर्ने वा तिनुपर्ने दायित्व समेत सुरक्षित हुने गरी नियमानुसार एकिकरण तथा खारेजीको प्रकृया अगाडी बढाउन पालिकाले थप पहल गर्नु पर्दछ ।

त्यसैगरी सहकारी क्षेत्रमा देखिएका विकृती तथा समस्याहरुलाई सुधार गर्न, सञ्चालन खर्चमा कटौती गरी उत्पादन क्षेत्रमा लगानी बढाउन, सदस्यहरुलाई प्रदान गर्ने सेवामा गुणात्मकता कायम गरी संस्थाहरुको दिगो विकास र स्थायीत्व प्रदान गर्न सहकारी ऐन २०७४ को दफा ८७ एवं यस पालिकाको सहकारी ऐन २०७४ बमोजिम सहकारी सस्थाहरुको एकिकरण विघटन तथा दर्ता खारेज गर्ने कार्यलाई व्यवस्थित गरी सहकारी संस्थाहरुको संख्यालाई चुस्त र दुरुस्त बनाउन एकिकरण, विघटन तथा खारेजी सम्वन्धी आवश्यक कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वियन गर्नुपर्दछ ।

१४ आन्तरिक लेखापरीक्षणबाट देखिएको व्यहोराहरु

१ उत्पादन मुलक क्षेत्रमा लगानीः

स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ को उपदफा ३ मा गाउँपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादन-मुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जिवनस्तर, आम्दानी तथा रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ।

तर नगरपालिकाले मठ, मन्दिर, सामुदायिक भवन, खेलकुद मैदान जस्ता योजना हरु समेत अधिक संख्यामा छनोट गरी खर्च गरेकोले यस्ता अनुत्पादक योजनाहरुमा लगानी निरुत्साहीत गरी स्थानिय सरकार सञ्चालन ऐनले व्यवस्था गरे अनुसार उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु छनौट गरी कार्यान्वियन गरिनुपर्दछ।

२ आन्तरिक नियन्त्रण प्रणाली स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ।पालिकाले त्यस्तो प्रणाली तयार गरेको र सो सम्बन्धमा केहि सुधार गर्नुपर्ने व्यहोराहरु देहायबमोजिम रहेका छन्।

• सवारी मर्मतको लागत अनुमान तयार गरेको देखिएन।

• मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मबाट समेत खरिद गर्ने गरेको देखियो।

• वडालाई आवस्यक पर्ने अधिकाशं सामग्रीहरु वडाले नै खरिद गर्ने र जिन्सि पनि वडाले ने बाध्ने गरेकोले नगरपालिकाको मूल जिन्सि खातामा उक्त सामान चढाएको देखिएन।

• जिन्सि निरिक्षण प्रतिवेदन मा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको देखियो।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति सुशासन समिति लगायतका समिति गठन गर्न सक्ने व्यवस्था बमोजिम गठन भएको तर समितिको निष्क्रियताका कारण संस्थागत सुशासनको स्थितिको वारेमा मूल्याङ्कन गर्न सक्ने स्थिति नभएको।

• निजामति सेवा ऐन २०४९ को दफा ७ (२) ख बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तनी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन भन्दा बढी ग्रेड भुक्तानी हुने व्यवस्था रहेको देखियो।

यसरी पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सृदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३ आर्थिक सहायता स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, पुरस्कार एंव संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन।पालिका तथा वडा कार्यालयबाट बाढी, पहिरो, स्वास्थ्य उपचार, आर्थिक अवस्था कमजोर, अनुदान, मेला, महोत्सव, जात्रा, भेला, गोष्टी, समारोह आदि प्रयोजनमा सहयोग स्वरुप विभिन्न व्यक्ति समूह संङ्घ संस्थाहरुलाई आर्थिक सहायता वितरण गरेको पाइयो।यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

४ जिन्सि दाखिला आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६को नियम २८(१) मा जिन्सि सामान खरिद गरेको ७ दिन

भित्र जिन्सि दाखिला गर्नुपर्दछ। वडा कार्यालय मार्फत खरिद गरिएका सबै वस्तु तथा सामग्रीहरुको अनिवार्य जिन्सि दाखिला गरि सो को अभिलेख अद्यावधिक गरि राख्नुपर्दछ।

५ सम्झौता विना भुक्तानी: गो.भौ.न १०९० मिति २०८१/०२/ ०३(न.पा चालु) पालिकाले विविध कृषि प्रवर्द्धन तथा वातावरण शिर्षक बाट (वडा नं ७) विभिन्न कृषक समूहलाई मकै छोडाउने मेशिन,बिहाड बोका वितरण घाँस,पराल काट्ने मेशिन वितरण गरिएकोमा पालिका र उक्त समूहहरु बिच सम्झौता नगरि वितरण गरिएको देखियो जसले गर्दा उक्त वस्तु तथा सामग्रिको उचित प्रयोगबारे समूहलाई समेत जवाफदेहि बनाउन सम्झौता गरेर मात्र वितरण गर्नुपर्ने कुरामा पालिकाले जोड दिनुपर्ने देखिन्छ।

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **७९,३७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१५ **पदाधिकारी सुविधा**

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरि सुविधा पाउने व्यवस्था गरेको छ । यस पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ६० जना पदाधिकारीहरुलाइ रु.१ करोड ३७ लाख ८७ हजार पदाधिकारी सुविधा र रु.९८४००/ पदाधिकारीको अनुगमन तथा दैनिक भ्रमण तथा भत्तामा खर्च लेखि भुक्तानी गरेको बिबरण प्राप्त भएको छ । कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरि भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ ।

१६ **कर्मचारी दरवन्दी तथा करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । उपदफा ४ मा कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलव, भत्ता, सन्चयकोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निबृत्तिभरण, औषधीउपचार सम्वन्धित बिदा जस्ता सेवा सुबिधाको लागि लाग्ने खर्च व्यहोर्ने श्रोत समेतको बिस्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुनेगरी मात्र दरवन्दी स्वीकृत गर्नुपर्ने प्रावधान रहेको छ । यस पालिकालाइ बिगत बर्षमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न पदमा ९६ जनाको दरवन्दी स्वीकृत गरेकोमा पालिकाको सभाले १५५ जनाको दरवन्दी स्वीकृत गरी सो मध्ये एक जना अस्थायी, दुइ जना ज्यालादारी र ७४ (२३ जना कार्यक्रमको समेत) जना (कार्यालय र स्वास्थ्य संस्था समेत)कर्मचारीहरु करारमा राखी रु.२२११६४८२।भुक्तानी दिइ खर्च लेखेको बिबरण प्राप्त भएको छ । कार्यालयले संगठन व्यवस्थापन र सर्भेक्षण गरेर थप दरवन्दी स्वीकृत गरेको जनाएतापनि आन्तरिक श्रोतको बिश्लेषण र दिगो व्यवस्थापन बेगर नै सभाले दरवन्दी थपगर्नु र करारमा नियुक्ति गरी भुक्तानी गरेको कार्यलाइ यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन ।

१७ **आन्तरिक आय**

पालिकाले पेश गरेको विवरण अनुसार यो बर्ष आन्तरिक आय रु १ करोड ६५ लाख (स्थानिय राजस्व वाडफाडबाट प्राप्त आय समेत) सकलन गर्ने अनुमान गरेकोमा यस बर्ष आन्तरिक आय तर्फ रु. १६०४२७५६। आम्दानी देखाएको छ । जून बार्षिक अनुमानित आय भन्दा २.७७ प्रतिशतले घटी असूल भएको देखिन्छ । अनुमानित राजश्वको दायरा बढाई थप राजश्व संकलन गर्ने र आत्मनिर्भर हुने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

१८ **व्यवसाय तथा मनोरन्जन कर**

व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर लगाउने व्यवस्था रहेको छ । नगरपालिकाले योवर्ष व्यवसाय कर वापत रु. २२२८६७०।(व्यवसाय रजिष्ट्रेसन शुल्क समेत) रकम असुल गरेको जनाएको छ । पालिकाको कार्यालयले व्यवसायहरूको लगत राखी राजस्व असुल गर्नूपर्नेमा लगत राखेको पाइएन । पालिका क्षेत्र भित्रका व्यवसाय एवं व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

मनोरञ्जन कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शुल्कमा कर लिनूपर्ने व्यवस्था छ ।आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस प्रकारको मनोरन्जन कर शुन्य आम्दानी गरेको जनाएको छ । यस पालीकाको क्षेत्रभित्रबाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ।

अभिलेख- पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

१९ कर दाखिला

कार्यालयले फोहोरमैला व्यवस्थापन तथा शुल्क संकलन कर्ता भारद्वाज इन्फ्रटेक प्रा.लि. बाट सो को शुल्क वापत मू.अ.कर र अग्रिम कर कट्टी सम्तको रकम ३ किस्तामा रु १०,००,००३/- प्राप्त गरी पालिकाको खातामा दाखिला गरेको देखियो ।तर मू.अ.कर ऐन र आयकर ऐन वमोजिम प्राप्तल रकमहरु संघीय सरकारको सम्वन्धित खातामा पठाएको नदेखिएको हुँदा मू.अ.कर वापतको रकम रु१,१३,५३७/- र १.५ प्रतिशत अग्रिम कर रकम रु १३,१००/- पठाउनु पर्ने रु

असुल गर्नुपर्ने	१,२६,६३७

२० वैंक हिसाव मिलान

पालिकाले लेखाको मान्य सिद्धान्त र प्रचलित कानुन वमोजिम प्रत्येक महिना र वार्षिक रुपमा वैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ ।कार्यालयबाट पेश भएका वैंक दाखिला भौचरहरु अनुसार जम्मा रु १,६०,७८,३३७/६२ वैंक दाखिला भएको देखियो । तर वैंक स्टेटमेन्ट र आर्थिक विवरण अनुसार आन्तरिक आय रु१,४६,०८,३७७/७२ र विभाज्य कोषमा रु २९,२७,५६४/- समेत जम्मा रु १,७५,३५,८४१/७२ वैंकमा आम्दानी भएको देखिन्छ । वैंक दाखिला भौचर भन्दा वैंकमा बढी जम्मा भएको रु १४५७६०४/०७ के वापत को कस वाट कहिले दाखिला भएको हो सोको वैंक हिसाब मिलान विवरण तयार गरेको नदेखिएकोले तयार गरी यकिन गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१४,५७,६०४.०७

२१ मू.अ.कर दाखिला

कार्यालयले देहाय वमोजिम ढुंगा, गिटी, वालुवाको उत्खन्न, संकलन र बिक्रीमा असुल गरेको मूल्य अभिवृद्धि कर रकम मूल्य अभिवृद्धि कर ऐन वमोजिम मूल्य अभिवृद्धि करको राजश्व खातामा दाखिला गर्नुपर्नेमा पालिका मै दाखिला गरेको पाइएकोले उक्त रकम सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्ने रु

क्र.स.	विवरण	मू.अ.कर समेत असुली	मू.अ.कर रकम
१	भगिरथी देवी निर्माण सेवा	१,८२,८३०/-	२१,०३४/-
२	न्यू उली देवी निर्माण सेवा	२,५५,०००/-	२९,३३९/-
३	वडा नं. २ का वडा अध्यक्ष समेतबाट असुल भएको	९,०४,०००/-	१,०४,०००/-
४	प्रेम बहादुर भट्ट मार्फत असुल भएको	९,०४,०००/-	१,०४,०००/-
	जम्मा	२२,४५,८३०/-	२,५८,३७३/-

असुल गर्नुपर्ने	२,५८,३७३

२२ उपभोक्ता समितिबाट घटी राजश्व असुली

गण्डकी प्रदेश आर्थिक ऐन अनुसार ढुंगा, गिटी, वालुवा लगायत दहत्तर बहत्तरको उत्खन्न संकलन र विक्रीको लागि प्रति घनफिट रु ९/- तोकेकोमा उक्त शुल्कमा १३ प्रतिशत मु.अ. कर र १.५ प्रतिशत अग्रिम कर कट्टी बाट वापतका दरले असुल गर्नुपर्ने प्रवधान रहेको छ । सो अनुसार प्रतिघनमिटर ढुंगा, गिटी, वालुवा विक्री गर्दा मु.अ. कर र अग्रिम कर कट्टीको रकम समेत जम्मा रु ३६३/५६ का दरले

राजश्व असुल गर्नु पर्नेमा यस पालिकाले विगत देखि २.५ प्रतिघनमिटरको प्रति ट्याकटर रु १०००/- का दरले उठाउने गरी कार्यपालिकाको निर्णय वमोजिम असुल गर्दै आएकोमा २०८० पौष पश्चात २.५ प्रतिघनमिटरको प्रति ट्याकटर रु ८००/- दरले असुल गर्ने निर्णय गरे वमोजिम तत्पश्चचात सोही वमोजिम राजश्व असुल गरेको पाइयो ।जस अनुसार प्रदेश कानुन अनुसार उठाउनुपर्ने प्रतिघनमिटरको रु ३६३/५६ भन्दा घटी रु ३२०/- का दरले उठाएको छ ।यसप्रकार निम्न वडाले ढुंगा, गिटी, वालुवा वापतको शुल्क र कर देहायबमोजिम उपभोक्ता समितिसंग घटी हुने गरी असुल गरेको देखिएकोले निर्णय गर्ने पदाधिकारीलाइ कानुन बमोजिम जिम्मेवार बनाइ प्रतिघनमिटर घटी रकम रु ४३/५६ का दरले देहाय वमोजिमको रकम असुल हुनु पर्ने रु.

संकलन केन्द्र	जम्मा असुली	घटी दरमा असुली	घटी रकम
पालिका केन्द्र	१४,४५,०६४/-	१,०५,२६४/-	१४,२२२/-
वडा नं.२	८,३९,२००/-	३५,२००/-	४,८०२/-
वडा नं.४	८३,२००/-	८३,२००/-	११,३४९/-
वडा नं.५	७०,६००/-	४६,६००/-	६,३५७/-
वडा नं.७	१,२४,०००/-	५२,०००/-	७,०९३/-
वडा नं.८	९६,६००/-	४३,६००/-	५,९४८/-
वडा नं.९	१,४१,७००/-	८७,२००/-	११,८९५/-
वडा नं.११	१,२०,०००/-	१,००,०००/-	१३,६४१/-
जम्मा	२९,२०,३६४/-	५,५३,०६४/-	७५,३०७/-

असुल गर्नुपर्ने	७५,३०७

२३ **प्रदेशमा वढी पठाएको रकम फिर्ता**

प्रदेश आर्थिक कानुन अनुसार विभाज्य कोषमा जम्मा भएको आम्दानी को ४० प्रतिशत रकम प्रदेश सरकारलाई पठाउनुपर्ने प्रावधान रहेको छ ।यस पालिकाले दहत्तर बहत्तरको ढुंगा, गिटी, वालुवाको उत्खन्न, संकलन र विक्री वापत जम्मा रु २९,२३,९६४/-(मु.अ. कर र अग्रिम आयकर कट्टी समेत) आम्दानी गरेकोमा सो वमोजिम हुने रु १०, २१,४७२/- प्रदेश सरकारलाई पठाउनुपर्नेमा २ पटक क्रमश: रु ९,७१,०००/- र रु ५,१८,५८५/६० समेत जम्मा रु १४८९५८५।६० पठाएको देखिएकोले बढी रकम प्रदेश सरकारबाट फिर्ता प्राप्त गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	४,६८,११४

२४ **धरौटी जफत**

मिति २०८०/८/१० मा प्रकाशित सुचना अनुसार किरिन्चेघाट संकलनकेन्द्र बाट ढुंगा, गिटी, वालुवा उत्खन्न संकलन र विक्रीको लागि सुनकोशी इन्जिनियरिङ्ग प्रा.लि. को रु २ लाख २५ हजार (मू.अ.कर र अग्रिम कर वाहेक) को प्रस्ताव स्वीकृति भई निजलाई सम्झौता गर्न आह्वान गरिएकोमा निज सम्झौता गर्न नआएको कारण निजको ठेक्का प्रस्ताव रद्द गरिएको छ ।यसरी ठेक्का प्रस्ताव रद्द गर्दा निजले राखेको धरौटी रकम जफत गरी राजश्व खातामा दाखिला गर्नुपर्नेमा गरेको नदेखिएकोले जफत गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	११,२५०

२५ **धरौटी जफत**

मिति २०८०/१०/२६ मा प्रकाशित तेस्रो पटकको सुचनाअनुसार सुन्तलेटारघाट र त्रिवेणीघाट संकलनकेन्द्रबाट ढुंगा, गिटी, वालुवा उत्खन्न संकलन र विक्रीको लागि क्रमश: सअमेश निर्माण सेवा र संतोष निर्माण सेवा प्रा.लि. को क्रमश: रु ४,५२,५९६/- र रु १,४३,०००/- को प्रस्तावहरु स्वीकृति भई निजहरुलाई सम्झौता गर्न आह्वान गरिएको छ ।तर निजहरुको आर्थिक र प्राविधिक प्रस्ताव योग्य रही निजहरु सम्झौता गर्न तयार रहेको स्थितिमा प्रमुख प्रशासकिय अधिकृत संयोजक सहित ७ जना कर्मचारी रहेको खरिद

समितिको मिति २०८०।१२।०९ को निर्णयले तोकिएको अवधि भित्र मेसिनको प्रयोग नगरी मानव संशाधनबाट मात्र तोकिएको परिमाण उत्खनन् र संकलन गर्न नसकिने कारण जनाइ उक्त दुइ बोलपत्र र आशयपत्रको सुचना रद्द गरेको देखियो । सार्वजनिक खरिद अनुगमन कार्यालयका अनुसार खरिद समितिमा स्वयं कार्यालय प्रमुख रहन मिल्ने देखिदैन साथै खरिद समिति स्वयंले निर्णय गर्न नमिल्ने र कार्यालय प्रमुख समक्ष राय सहितको सिफारिस मात्र गर्नुपर्ने सार्वजनिक खरिद नियमावलीको प्रावधान बिपरित स्वयं कार्यालय प्रमुख खरिद समितिमा संयोजक रही खरिद समिति आफैले बोलपत्र र आशयको सुचना रद्द गर्नेगरी गरेको निर्णय कानुन सम्मत भएको देखिदैन । जसबाट उक्त दुइ ठेक्कामा आशयको सुचना जारी गर्दा सम्मको प्रकृया पुरा गर्न लागेको लागत कार्यालयलाइ थप व्ययभार पर्न गएको र कार्यालयमा उठ्नु पर्ने राजस्व उठ्न नसकेको अवस्था देखिन्छ । यसमा सम्वन्धितको ध्यान जानुपर्ने देखिन्छ ।

२६ **मु.अ. कर र अग्रिम आयकरको रकम दाखिला**

पालिकाले ठेक्का वापत असुल गरेको रु ४,३५,८००/-र वडा नं २ को मौजदात विक्रीबाट असुल गरेको रु १८,०८,०००/- समेत रु २२,४३,८००/- वाहेक उपभोक्ताहरुलाई विक्री गरेको ढुंगा, गिटी, वालुवाको आम्दानी रु६,८०,१६४/- र निजहरुसंग घटी असुल गरेको रु ७५,३०७/- समेत हुने रु ७,५५,४७१/- मा१.५ प्रतिशत अग्रिम कर वापतको रकम समेत असुल भएकोमा सो को मु.अ. कर रु ८५,७७४/- र अग्रिम आयकर रु ९,८९७/- समेत पालिका खातामा दाखिला भएको सम्वन्धित राजश्व शिर्षकमा दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	९५,६७१

२७ **वडा कार्यालयलाई दहत्तर बहत्तर उत्खन्न, उत्खन्न संकलन र विक्रीको जिम्मा**

पालिकाले प्रचलित कानुन अनुसार दहत्तर बहत्तर उत्खन्न, उत्खन्न संकलन र विक्रीको लागि प्ररम्भिक वातावरणीय अध्ययन IEE गराई सकेको प्रतिवेदनको आधारमा प्रतिस्पर्धात्मक विधि मार्फत बढाबढको प्रस्ताव माग गरेर प्रस्तावमा सफल हुने संग सम्झौता गरी ढुंगा, गिटी, वालुवा जस्ता दहत्तर बहत्तर उत्खन्न, उत्खन्न संकलन र विक्रीवितरण गर्नु गराउनुपर्दछ ।यस पालिकाको कार्यालयले मिति २०७९ मंसिर २३ गतेको निर्णयबाट वडा कार्यालयलाई वडा अध्यक्षको निगरानीमा प्ररम्भिक वातावरणीय अध्ययन IEE प्रतिवेदन अध्यनन नगराई प्रतिस्पर्धात्मक विधि मार्फत प्रस्ताव आह्ववान समेत नगरी वडा कार्यालयलाई ढुंगा, गिटी, वालुवा जस्ता दहत्तर बहत्तर उत्खन्न, उत्खन्न संकलन र विक्रीको लागि अनुमति दिने निर्णय गरेको देखियो । जुन निर्णयअनुसार वडा नं. २ का वडा अध्यक्षले उक्त वडाको मध्यपहाडि राजमार्ग क्षेत्रको आसपासको खोला लगायत क्षेत्रबाट ५२५४.४२ घनमिटर ढुंगा, गिटी, वालुवा उत्खन्न गरी संकलन गरेको देखिन आयो ।यसप्रकार कार्यपालिकाले गरेको उक्त निर्णय र वडा नं. २ का वडा अध्यक्षले उत्खन्न संकलन गरेको उक्त परिमाणको कार्यलाई कानुनसम्मत भएको कार्य भन्न मिल्ने देखिएन ।

२८ **पालिकाले जफत गरेको दहत्तर बहत्तर परिमाणबाट वडाले खाल्टाखुल्टी पुरेको**

कार्यपलिकाको मिति २०७९ मंसिर २३ गतेको निर्णयबाट वडा नं. २ का वडा अध्यक्षले अध्यक्षले उत्खन्न संकलन गरेको ५२५४.४२ घनमिटर ढुंगा, गिटी, वालुवा पालिकाले जफत गरी जफत गरी राखेकोमा करिब १२५० घनमिटर परिमाण वडा कार्यालयले वडा नं.५, ६ र ७ का सडकमा खाल्टाखुल्टी पुर्न खपत गरिएको भनि कार्यपालिकाले मिति २०८० चैत्र १५ गतेको निर्णयबाट अनुमोदन गरेको पाइयो । लिखित आदेश र स्वीकृत लागत अनुमान बेगर नै उक्त खाल्टाखुल्टी पुर्न कुन सडकको कुन चेनेजहरुमा के कति परिमाण खपत भएको हो सोको स्वीकृति र काम भएको नापी किताव सहितको प्राविधिक पुष्टयाई तयार गरेको देखिएन आएन साथै संघीय राजमार्गको स्तरोन्नती र कालोपत्रेको लागि ठेक्का सम्झौता भई कार्य भैरहेको मध्यपहाडी लोकमार्गमा उक्त परिमाण खपत भयो वा भएन भनी यकिन हुन सकेन ।यसप्रकार वडा नं. २ का वडा अध्यक्षले कानुन विपरीत उत्खन्न संकलन गरेको ढुंगा, गिटी, वालुवा पालिकाले जफत गरी राखेकोमा वडा अध्यक्षले विना पुर्वस्वीकृति वडा नं.५, ६ र ७ का सडकमा खाल्टाखुल्टी पुर्न प्रयोग गरेको भनी मौजदात घटाउने कार्य र उक्त कार्यलाई कार्यपलिकाले पछि गएर अनुमोदन गरेको कार्यलाई कानुनसम्मत भन्न मिल्ने नदेखिदा गण्डकी प्रदेशको आर्थिक ऐन वमोजिम प्रति घनफिट रु ९/- र सो मा लाग्ने मू.अ.कर र अग्रिम कर समेतले हुने उक्त परिमाणको रकम रु ४,५४,४५१/- सम्वन्धित वडा अध्यक्षहरुलाई कानुन वमोजिम जवाफदेही तुल्याई असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	४,५४,४५१

२९ **हराएको परिमाणको ठेक्का आह्ववान**

कार्यपलिकाको मिति २०७९ मंसिर २३ गतेको निर्णयबाट वडा नं. २ का वडा अध्यक्षले उत्खन्न संकलन गरेको ५२५४.४२ घनमिटर ढुंगा, गिटी, वालुवा मध्ये ४००० घनमिटर ढुंगा, गिटी, वालुवा बिक्रीको लागि प्रथम पटक २०८०/०८/१० र दोस्रो पटक २०८०/०९/१६ गते लम्जुङ दर्पण नामक पत्रिकामा सूचना प्रकाशन गरी प्रश्ताव आह्वान गरेको छ । जबकी उक्त ४००० घनमिटर परिमाण मध्ये २००० घनमिटर परिमाण हराएको उल्लेख गरी उक्त सूचना प्रकाशन भन्दा ८/९ महिना अगाडी २०७९/१२/१२ मा रु १ लाख र उक्त सूचना प्रकाशन भएको करिव ३/४ महिना पश्चात २०८० चैत्रमा रु ८,०४,०००/- समेत रु ९,०४,०००/- रकम वडा नं. २ का वडा अध्यक्ष र मध्यपहाडी लोकमार्गको उक्त खण्डको निर्माण व्यावसायीबाट असुल गरिएको देखियो ।यसरी . हराएको परिमाण समेतलाई समावेश गरी विक्रीको लागि सूचना प्रकाशन गरेबाट प्रश्ताव आह्वानको सूचनाबाट कुनै प्रश्तावहरु पेश हुन आएको देखिएन। सो अनुसार प्रश्ताव पेश हुन नआएको कारण उल्लेख गरी बाँकी रहेको २००० घनमिटर परिमाणलाई प्रतिटेक्टर रु १०००/- (२.५ घनमिटरको) मा मू.अ.कर समेतले हुने रकम रु ९,०४,०००/- प्रेम बहादुर भट्ट नामक एक जना व्यक्ति मार्फत रकम दाखिला गराई विक्री गरेको पाइयो ।निर्माण कार्य सुचारु भैरहेको उक्त राजमार्गको नजिकमा रहेको उक्त परिमाणलाई यसप्रकार विना प्रतिस्पर्धा विक्री गरेको कार्यलाई यथार्थमा आधारित रहेर गरेको कार्य भन्न मिल्ने देखिएन ।

१ नपुग कर : उपरोक्त वमोजिम असुल भएको रकममा आय कर ऐन वमोजिम लाग्ने १.५ प्रतिशत अग्रिम कर कट्टी वापतको रकम असुल गरेको नदेखिएको सो वापतको रकम समेत निजहरुबाट असुल गरी सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१२,०००

३० हराएको परिमाणको रकम असुली

कार्यपलिकाको मिति २०७९ मंसिर २३ गतेको निर्णयबाट वडा नं. २ का वडा अध्यक्षले अध्यक्षले उत्खन्न संकलन गरेको ५२५४.४२ घनमिटर ढुंगा, गिटी, वालुवा मध्ये वडा अध्यक्षले वडा नं.५, ६ र ७ का सडकमा खाल्टाखुल्टी पुर्न भनी करिव १२५० घनमिटर परिमाण घटाए पश्चात बाँकी रहेको ४००० घनमिटर मध्ये २००० घनमिटर परिमाण हराएको जनाई उक्त परिमाणको पालिकाले गत बर्ष र यो बर्षको पौष महिना सम्म लागु गरेको २.५ घनमिटरको हुने प्रति हेक्टर रु १०००/- का दरले हुने शुल्क र १३ प्रतिशत मू.अ.कर समेत रु ९,०४,०००/- वडा नं. २ का वडा अध्यक्ष नविन कुमार श्रेष्ठको २०८०/१२/१२ को राजश्व जम्मा गरी पाँऊ भन्ने निवेदन समेतको आधारमा मध्यपहाडी लोकमार्गको उक्त खण्डका निर्माण व्यावसायी र निज वडा अध्यक्ष मार्फत मिति २०७९/१२/१२ मा रु १ लाख, २०८०/१२/१३ मा रु ५,३५,०९६/- र २०८०/१२/२५ मा रु २,६८,९०४/- समेतले हुने रु ९,०४,०००/- कर्मचारी मार्फत राजश्व दाखिला गरेको छ ।यसप्रकार स्वं वडा अध्यक्ष समेतको संलग्नतामा मध्यपहाडी लोकमार्गक निर्माण व्यावसायीले गरेको चोरीनिकासीको परिमाणको पालिकाले विगतमा तोकेको दरमा मात्र रकम असुली गरी प्रचलित कानुन वमोजिम दण्ड जरिवाना असुल नगरी कार्यपालिकाले मिति २०८० चैत्र १५ को निर्णयबाट राजश्व दाखिला गरेको प्रमाणित गरी निजहरुलाई कानुनी कारवाही बाट उन्मुक्ति दिएको कार्यलाई कानुनसम्मत भएको भन्न मिल्ने देखिएन ।

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३१ दहत्तर बहत्तरको शुल्क र व्याज असुली

मिलनवस्तीघाट संकलनकेन्द्रबाट ढुंगा, गिटी, वालुवा उत्खन्न संकलन र विक्री गर्नका लागि मिति २०८०/१०/२६ मा प्रकाशित सुचनाअनुसार भागिरथी देवी निर्माण सेवासंग रु ३,६३,६३०/- को ठेक्का सम्झौता मिति २०८०/११/१८ मा भएको छ । निजले सम्झौताका बखत रु१,८२,८३०/- नगद दाखिला गरेको छ भने बाँकी रकम रु १,८०,८००/- लेखापरीक्षण अवधि २०८१/५/२७ सम्म पनि दाखिला भएको देखिन आएन ।तसर्थ उक्त बाँकी रकम र निजसंग भएको सम्झौताको दफा १० वमोजिम लाग्ने १० प्रतिशत व्याज रकम रु १८,०८०/- समेत हुने रु १,९८,८८०/- रकम निजको कार्यसम्पादन जमानत जफत गरेर र सो बाट नपुग रकम निजसंग असुल गरेर राजश्वका सम्वन्धित शिर्षकहरुमा दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१,९८,८८०

३२ **अग्रिम कर असुली**

रमाइलो मरस्याङ्दीघाट केन्द्रबाट ढुंगा, गिटी, वालुवा उत्खन्न संकलन र विक्री गर्नका लागि मिति २०८०/१०/२६ मा प्रकाशित सुचनाअनुसार न्यु उली देवी निर्माण सेवासंग रु २,५५,०००/- ठेक्का सम्झौता मिति २०८०/११/१५ मा भएको छ । निज सम्झौता बखत मू.अ.कर ले हुने रु २,५५,०००/- नगदै दाखिला गरेकोमा आयकर ऐन, बमोजिम लाग्ने १.५ प्रतिशत अग्रिम कर कट्टी रकम असुल गर्न छुट भएको देखिएकोले रु ३,३८५/- निजबाट असुल गरी राजश्वको सम्वन्धित शिर्षकहरुमा दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३,३८५

३३ **ढिलागरि राजश्व दाखिला**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तदायित्व ऐन २०७६ को दफा २८मा आफ्नो जिम्मा आएको सरकारी नगदी सोही दिन वा सोको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने र मनासिव माफिकको कारणले दाखिला गर्न नसकिने भए कारण खुलाई एक तह माथीको अधिकारी समक्ष म्यादथप माग गर्न सक्ने र तोकिएको समयमा दाखिला नगरेमा दाखिला गर्न वाँकी रकमको १० प्रतिशत जरीवाना गरी कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिमको कारवाही गर्नुपर्ने उल्लेख रहेको छ। यो वर्ष पालिका मातहतका ११ वटा वडा कार्यालयहरुले देहाय बमोजिम रु.८६५७४३१। नगद आम्दानी गरेकोमा उक्त अवधी भन्दा धेरै ढिला हुनेगरी कतिपयले महिनाको एकपटक एकमुष्ठ रुपमा प्राप्त नगद आम्दानी रकन पालिकाको बैंक खातामा दाखिला गर्ने गरेको देखियो। यसप्रकार वडाहरुबाट ढिला गरी दाखिला गर्ने गरेकोमा पालिकाले उक्त कानुन बमोजिम लाग्ने जरिवाना रकम समेत असुल गरेको छैन। यसमा पालिकाको ध्यान गई कानुन बमोजिम सुधार हुनुपर्छ ।

सि नं	वडा नं	वर्षभरिमा बैंक दाखिला	
		पटक	रकम
१	१	११	३२२०५९
२	२	१६	१६७१६४०
३	३	११	२६७८००
४	४	२६	२५६३२९
५	५	२६	३५४४६४
६	६		११९७१२३
७	७		१०८०२०७
८	८	१७	६६८५३६
९	९	२७	२१८१४१३।६
१०	१०	१५	२७६५१६
११	११		३८१३४४
	जम्मा		**८६५७४३१।६०**

३४ **सफ्टवेयर खरिद, डिपिआर लगायत अध्ययन र मेसिन उपकरण खरिद र जडान कार्य**

कार्यालयले यो बर्ष मुख्यमन्त्री नवप्रवर्द्धन कार्याक्रम समेत स्वीकृत कार्याक्रम अनुसार १० वटा विभिन्न सफ्टवेयर खरिद र जडान गरी रु ८२,८६,५४२/- , डिपिआर लगायतको ५ वटा अध्ययन कार्य गराई रु २३,०६,३४२/- र विभिन्न उपकरण तथा खरिद र जडान कार्य गरी रु ३३,१६,९८७/- समेत देहायअनुसार जम्मा रु १,३९,०९,८७१/- खर्च लेखेको छ ।

क. सफ्टवेयर खरिद र जडान कार्य :

क्र.स.	सफ्टवेयरविवरण	जडान गर्ने कम्पनी	लागत अनुमान	सम्झौता	भुक्तानी
१.	कृषि तथा पशु व्यवस्थापन प्रणाली सफ्टवेयर	इनोभेसन प्रा.लि. जेलबिल	७,९९,४८०/-	७,९५,५२०/-	७,९५,५२०/-
२.	अपाङ्गता,जेष्ठ नागरिक,कर्मचारी डिजिटल परिचयपत्र व्यवस्थापन प्रणाली सफ्टवेयर	स्कील नक्स प्रा.लि.	४,९९,४६०/-	४,९५,९५७/-	४,९५,९५७/-
३	वेभमा आधारित सिफारिस तथा प्रमाणित सफ्टवेयर	प्रिज्म इन्फोसिस प्रा.लि.	२,९९,४५०/-	२,९६,६२५/-	२,९६,६२५/-
४	एकृकित अनुदान व्यवस्थापन प्रणाली सफ्टवेयर	कोड फ्युजन टेक्नोलोजिज प्रा.लि.	४,९९,४६०/-	४,९७,७६५/-	४,९७,७६५/-
५	गुनासो व्यवस्थापन प्रणाली सफ्टवेयर	स्पाइरल टेक्नोलोजि प्रा.लि.	२,९९,९०२/-	२,९६,०६०/-	२,९६,०६०/-
६	मेडिकेयर सफ्टवेयर तथा हार्डवेयर जडान	हर्डसन टेक्नोलोजि प्रा.लि.	४,४४,६५५/-	३,८०,९५०/-	३,८०,९५०/-
७	डाइनामिक डिजिटल प्रोफइल विथ एमपिन जेनेरेसन सिस्टम सफ्टवेयर	फोरजी इन्जिनियरिङ्ग सोलुसन प्रा.लि.	१८,९८,९६५/-	१८,९१,०५५/-	१८,९१,०५५/-
८	नया र पुरानो सफ्टवेयरको एकिकृत र एकद्वार एप्लिकेसन	इमोजिन ट्रेड कन्सर्न	९,९९,४८५/-	९,९४,९६५/-	९,९४,९६५/-
९	वडा नं ४, ५ र ६ मा डिजिटल नागरिक वडापत्र	सफ्टवेयर हव नेपाल	९,९९,४८५/-	९,९६,३२१/-	९,९६,३२१/-
१०	वडा नं ७,८,९,१० र ११ मा डिजिटल नागरिक वडापत्र	क्रिप्टी इन्नोभेसन टेक्नोलोजि प्रा.लि.	१६,४९,२३५/-	१६,४१,३२५/-	१६,४१,३२५/-
	जम्मा		८३,८९,५७७/-	८२,८६,५४३/-	८२,८६,५४३/-

ख. डिपिआर लगायत अध्ययनकार्य :

क्र.सं.	डिपिआरको विवरण	डिपिआर गर्ने कम्पनी	लागत अनुमान	सम्झौता	भुक्तानी
१.	कोइराला फाँट खेलकुद मैदानको डिपिआर अध्ययन	रेस इन्जिनियरिङ्ग एण्ड विल्डर्स प्रा.लि.	२,९९,०३३/-	२,९३,८००/-	२,९३,८००/-
२	मस क्षेत्रम वहने पाँउदी र मरस्याङ्दी नदीको IEE अध्ययन	ट्रयाङ्गल्स कन्सल्टिङ्ग इन्जिनियरिङ्ग प्रा.लि.	९,९६,८९८/-	९,७८,८१८/-	९,७८,८१८/-
३	राजश्व सुधार कार्ययोजना निर्माण	URP and Associates	४,९९,९९९/-	४,९४,९४०/-	४,९४,९४०/-
४	नगरपालिकाको मध्यमकालिन खर्च संरचना (MTEF) तयार	सन्सटेनेबुल कम्युनिटी एकाउण्टाविलिटी रिसर्च सेन्टर प्रा.लि.	५,००,८५०/-	४,९३,८१०/-	४९३८१०/-
५	हाडेटार जग्गा एकिकरण योजनाको डिपिआर अध्ययन	मैत्री कन्सलटेन्ट प्रा.लि.	४५००००/-	४४९७४०/-	४४९७४/-
	जम्मा		२७४६७८०/-	२७११९०८/-	२३०६३४२/-

ग. उपकरण खरिद तथा जडान कार्य :

क्र.सं.	विवरण	कम्पनीको नाम	लागत अनुमान	सम्झौता	भुक्तानी
१	फायर वाल आपुर्ति र जडान कार्य	वान स्टप टेक्नोलोजी प्रा.लि.	३,४८,०४०/-	३,४४,६५०/-	३,४४,६५०/-
२	नगर क्षेत्र भित्र ३१ वटा cctv जडान कार्य र कन्ट्रोल सेन्टर स्थापना	न्यू आचार्य इन्टरप्रइजेज	९,९०,३३२/-	९,८७,३३७/-	९,८७,३३७/-
३	डिजेल जेनेरेटर १२५ KVA खरिद	पन्जि सप्लायर्स	१९,९०,०००/-	१९,८५,०००/-	१९,८५,०००/-
	जम्मा		३३,२८,३७२/-	३३,१६,९८७/-	३३,१६,९८७/-
	कुल जम्मा		१,४४,६४,७२९/-	१,४३,१४,६३८	१,३९०९८७१

उपरोक्त अनुसारको खरिदको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

३४.१ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरु उल्लेख गरिएको छ । कार्यालयले उपरोक्त र वमोजिम सफ्टवेयर,अध्ययन कार्य र उपकरण खरिदको कार्य गर्दा र गराउँदा लागत अनुमान तयार गरी स्वीकृत गरेको छ। यसरी लागत अनुमान तयार गर्दा सम्वन्धित कामको लागि वास्तविक रुपमा चाहिने कामको परिमाण र दर विश्लेषण गरेर गर्नुपर्नेमा सो नगरी स्वीकृत बजेटको आधारमा परिमाण कायम गरी लागत अनुमान तयार गरिएको छ । उदाहरणको लागि उपरोक्तानुसारका सफ्टवेयरको विकास र जडानको लागि चाहिने वास्तविक दक्ष र सपोर्ट जनशक्तिको आवश्यक्ता भन्दा पनि बजेटले भ्याउने सम्मको दक्ष र सपोर्टका जनशक्ति राखि सो आधारमा लागत अनुमान तयार गरी स्वीकृत गरिएको छ । यसरी तयार भएको लागत अनुमानलाई वास्तविक र यथार्थतामा आधारित भई तयार गरेको भन्न मिल्ने देखिएन।

३४.२ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३, मा खरिद कारवाहीको तयारी, आवश्यकता विश्लेषण, नियम ७ र ८ मा खरिदको गुरुयोजना, खरिद योजना,खरिदको प्याकेज र खरिदका विधि आदि सम्वन्धमा उल्लेख छ । कार्यालयले उपरोक्त अनुसार १० वटा सफ्टवेयर र जडानको कार्य गराउदा आवश्यकताको विश्लेषण गरेको देखिएन।प्रदेश मुख्यमन्त्री नवप्रवर्द्धन कार्याक्रम साझेदारी र पालिकाको अन्य कार्याक्रममा बजेट र कार्याक्रम समावेश गरी स्वीकृत गरेको आधारमा मात्र उक्त सफ्टवेयरहरुको विकास र जडान कार्य गरेको देखिदा सफ्टवेयरमा भएको उक्त लगानीको दीगो उपयोगको सुनिश्चितता हुने देखिएन ।

३४.३ न्यून प्रतिस्पर्धा : सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ मा खरिदका विधिहरुको उल्लेख छ । कार्यालयले उपरोक्त वमोजिम सफ्टवेयरको बिकास र जडान, डिपिआर लगायतको अध्ययन र उपकरणको खरिद तथा जडान कार्य गराउदा रु ५लाख र रु १० लाख सम्मका लागत अनुमान भएका कार्यमा प्रत्येक ३ वटा दरले पत्र मार्फत सोझै र खुला रुपमा दरभाउ पत्र वा वित्तीय प्रस्ताव लिएर र सो भन्दा माथि रु २० लाख सम्म लागत अनुमान भएका कार्यमा प्रत्येक ३ वटा का दरले पत्र मार्फत शिलवन्दी आर्थिक र प्रविधिक प्रस्ताव लिएर छनौट गरेको छ ।यसरी छनौट भएका घटीवालासंग सम्झौता गरेको देखियो । मुख्यमन्त्री नवप्रवर्धन कार्यक्रमको बजेट ढिला गरी प्राप्त भएको व्यहोरा कार्यालयले जनाएको छ ।यसरी गरेको खरिद कार्य स्वच्छ प्रतिस्पर्धा र पारदर्शी भयो भन्न मिल्ने देखिएन ।

३४.४. अभिलेखिकरण र संचालन : कार्यालयले विगतमा र हाल कार्यालयमा बिकास र जडान गरेका सफ्टवेयरहरु र विगत र हाल अध्ययन गरेका विभिन्न डिपिआर लगायतका अध्ययन कार्यहरु गर्नुपर्दछ । कार्यालयले विगतमा र हाल कार्यालयमा बिकास र जडान सफ्टवेयरहरु र अध्ययनका प्रतिवेदनहरुको व्यवस्थित अभिलेखिकरण गरेको देखिएन ।उक्त १० वटा सफ्टवेयरहरु कार्यालयमा जिन्सी दाखिला समेत गरिएको पाइएन।उक्त १० वटा सफ्टवेयरहरु मध्ये धेरै जसो सफ्टवेयरको बिकास र जडान सम्वन्धि दुइपक्षीय सम्झौता गर्दा सम्झौतामा कर्मचारीलाई अभिमुखिकरण तथा तालिम दिने राख्ने गरेको भएतापनि सो अनुसार तालिम संचालनमा नआई निकट भविष्यमा कार्यान्वियन गर्दै जाने व्यहोरा जानकारी प्राप्त भयो ।त्यसैगरी राजश्व सुधार कार्ययोजना अध्ययन प्रतिवेदन लगायतका अध्ययन प्रतिवेदनहरु समेत लेखा परीक्षण अवधि सम्म कार्यान्वयनमा गइसकेको देखएन ।

३५ योजना र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहाय अनुसार छन्:

क्र.सं.	विवरण	योजनासंख्या	खर्च रकम रु.
१	रु १ लाख भन्दा कमको योजना	१९	१४६५४१९
२	रु एक लाख एक देखि पाँच लाख सम्मका योजना	१२१	३००९८७१७
३	रु ५ लाख देखि १० लाख सम्मका योजना	२९	२०५३४१८६
४	दश लाख एक देखि ५० लाख सम्मका योजना	१५	२३८४०७६३
५	५० लाख भन्दा माथिका योजना	०	०
	जम्मा	१८४	७५९३९०८५

योजना छनौट: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३६ पेश्की बाँकी विवरण

आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धि व्यवस्था रहेको छ । कार्यालयले उपलव्ध गराएको विबरण अनुसार निम्न व्यक्ती तथा संस्थाले देहाय बमोजिम लिएको म्याद ननाघेको रु. 21279530। र म्याद नाघेको रु. ४६५३८०। समेत जम्मा रु. २१७४४९१०। मोबिलाइजेशन लगायत अन्य पेश्की आर्थिक वर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट नभई बाँकी रहेको देखिएको हुदा नियमानुसार फछ्र्यौट हुनु पर्ने देखिएको रु

पेश्की लिनेको नाम	पेश्की प्रयोजन	म्याद ननाघेको	म्याद नाघेको
न्यु हिरा निर्माण सेवा	निर्माण कार्य	४५००००	
रेशम एण्ड गौली कन्स्ट्रक्सन	निर्माण कार्य	६३०५००	
रेशम एण्ड गौली कन्स्ट्रक्सन	निर्माण कार्य	६०९०३०	
विनसरा निर्माण सेवा	निर्माण कार्य	८०००००	
श्री कृष्ण निर्माण सेवा	निर्माण कार्य	३९००००	
ड्रागन /बिकोन जे भि	निर्माण कार्य	१८४०००००	
नेपाल विद्यत प्राधिकरण, लमजुङ	ट्रान्सफर्मर खरिद	०	४६५३८०
जम्मा		१२७९५३०	४६५३८०

पेश्की	४,६५,३८०

३७ पेश्की जोखिममा

यस पालिकाको कार्यालय हाताभित्र गार्ड हाउस, पार्किङ्ग, फ्लोटिङ्ग,ब्लक विच्छयाउने र जमिन समाउने लगायतको कार्य ठे.नं.७-०८०/८१ बाट निर्माण व्यावसायी विनसरा निर्माण सेवासंग रु६६,७०,२९४/- को ठेक्का सम्झौता मिति २०८०/१०/१० मा भई कार्यसमपन्न गर्ने अवधि २०८१/३/१६ सम्म तोकिएको छ । उक्त अवधिमा निजले रु १४,४३,१०८/- को मात्र कार्य गरेको र तत्पश्चात लेखापरीक्षण अवधि २०८१/५/२७ सम्म म्याद थप भएको देखिएन र कार्यसमपन्न समेत भएको देखिन आएन । निजले २ किस्तामा लिएको मोविलाइजेशन पेशकी बाँकी मध्ये रु ५,८५,०००/- को २०२४ जुलाई १५ सम्म र अर्को रु ५,८५,०००/- को २०२४ जुन ६ सम्म बैंक जमानतको मान्य अवधि रहेकोमा तत्पश्चात उक्त दुबै पेशकि बाँकी रकम फर्छौट हुन नसकेको र मान्य अवधि थप भएको समेत देखिन आएन । लेखापरीक्षण अवधिमा उक्त कम्पाउण्ड हाता भित्र कार्य चालु रहेको समेत देखियो ।तसर्थ उक्त निर्माण कार्य समपन्न गराउनुपर्ने रु

प्रमाण पेश नगरेको	११,७०,०००

३८ दोहोरो भुक्तानी

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व, नियमावलीको नियम ३९ उपनियम(५)मा खर्च पुष्टि गर्ने विलभरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने र उपनियम (१०)मा जिम्मेवार व्यक्तिले आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको र रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। कार्यालयले निम्न ठेक्कामा निर्माण व्यावसायीलाई सोधभर्ना योग्य खर्च (provisional sum) को रकम भुक्तानी गर्दा रु. १५०००। दोहोरो भुक्तानी भएको देखिएकोले यसप्रकार भुक्तानी भएको खर्च रकम सम्वन्धित निर्माण व्यावसायीसंग असुल हुनुपर्ने रु

गो.भौ.नं. / मिति	कामको विवरण	निर्माण व्यावसायी	भुक्तानी रकम	प्रमाण वेगर भुक्तानी
५५/२०८०/७/१ २/२०८०/७/२२ १२१/०८०/१०/१०	सेउदीवार क्याम्पस गेट हुदै मानाचौकी पुल सम्मको वाटो निर्माण	मनकामना गुरुङ निर्माण सेवा	६५,७८,८६७/-	दुई विलमा दोहोरो परेको रु१५,०००/-

असुल गर्नुपर्ने	८७,५५५

३९ **मेसिन संचालनमा नआएको**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व, नियमावलीको नियम ३९ उपनियम(५)मा खर्च पुष्टि गर्ने विलभरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने र उपनियम (१०)मा जिम्मेवार व्यक्तिले आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको र रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। पालिकाको फोहोर व्यवस्थापन गर्ने, ल्याण्ड फिल्ड साइडमा प्लासटिक रिसाइक्लिङ र glass crushing plant supply , delivery र installation गरेको भनी ठेक्का नं ९- ०८०/८१ निर्माण व्यावसायी मन्त्र इन्कपोरेशन प्रा.लि लाई गो. भौ. नं. ४३/२०८१/३/२१ वाट रु४५,४२,६००/- प्रथम तथा अन्तिम भुक्तानी भएको छ । तर उक्त मेसिन लेखापरीक्षण अवधि सम्म संचालनमा नआएको र स्टोरमा दाखिला समेत भएको नदेखिएकोले सो वमोजिम सुधार हुनुपर्दछ ।

४० **मूल्य समायोजन भुक्तानी**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५५ र नियमावली, २०६४ को नियम ११९ को साथै सम्झौतामा तोकिएको शर्त अनुसार मूलय समायोजन वापत निर्माण व्यावसायीलाई मूल्यवृद्धिको रकम भुक्तानो दिनुपर्ने प्रवधान रहेको छ ।कार्यालयले वडा नं.३ स्थित निर्माणाधिन १५ शैयाको अस्पताल भवन निर्माण वापत निर्माण व्यावसायी ड्रागन / विकोन जे.भी. (ठेक्का नं २ -०७७/०७८) लाई गोश्वारा भौचर नं १/०८०/७/१६ वाट तेश्रो रनिङ विलको भुक्तानी रु ८१, ३४,०६२/- भुक्तानी हुँदा मूल्यवृद्धि वापत रु १९,९७,४५५/-समेत थप गरी भुक्तानी गरेको छ ।३३ महिनाको सम्झौता अवधि रहेको उक्त ठेक्कामा शुरुको ११ महिना निर्माण व्यावसायीको कावु बाहिरको परिस्थितिको कारण निजले काम गर्न नपाएको स्थिति देखिएमा तत्पश्चात २२ महिनाको अवधिको सम्झौता अनुसारको कार्यतालिका वमोजिम निजले करिव दुइ तिहाई कार्यसमपन्न गरिसक्नु पर्ने देखिन्छ । लेखापरीक्षण अवधि २०८१/५/२७ मा उक्त ठेक्काको अवधि समाप्त भएको र उक्त अवधि सम्म निजले भौतिक प्रगति करिब १६ प्रतिशत मात्र भौतिक प्रगति हासिल गरेको जानकारी लेखापरीक्षणमा गराइयो ।यस विलको भुक्तानीमा निजलाई प्रथम रनिङ विल देखि तेश्रो रनिङ विलको सम्म ३३ महिनाको मूल्यवृद्धि भुक्तानी भएकोमा प्रथम रनिङ विलको वाहेक दोस्रो र तेश्रो रनिङ विलको सम्मको रकममा मूल्यवृद्धि वापत भुक्तानी दिन निजसंग भएको सम्झौताको दफ GCC २१,२२,२३,३५,३७ र ५३.८ वमोजिमका शर्त अनुसार कार्य नभएको कारण मूल्यवृद्धिको रकम भुक्तानी दिन मिल्ने देखिएन ।तसर्थ निजलाई प्रथम रनिङ विलमा १८ महिनाको मूल्यवृद्धि दिएको रकम रु ४,०९,१४८/- (मु.अ.कर समेत) वाहेक दोस्रो र तेश्रो रनिङ विलमा भुक्तानी भएको मूल्यवृद्धिको रकम निजबाट असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१५,८८,३०७

४१ **मूल्य समायोजन भुक्तानी**

. पेश्की बाँकी रकम : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ उपनियम (६) मा निर्माण व्यावसायीले सम्झौताको काम तोकिएको अवधि भित्र सम्पादन नगरेको कारणले पेश्की फर्छौट हुन नसकेमा बैंक जमानतको रकम सम्वन्धित बैंकबाट प्राप्त गरी पेश्की फर्छौट गर्नुपर्ने र निजबाट त्यसतो पेश्की रकमको वार्षिक १० प्रतिशतका दरले व्याज समेत असुल गर्नुपर्ने उल्लेख छ ।यस पालिकाको वडा नं.३ मा निर्माणाधिन १५ शैयाको अस्पताल भवन निर्माण कार्यका निर्माण व्यावसायी ड्रागन / विकोन जे.भी. लाई २०७८ माघमा रु ९२ लाख र २०७९ भाद्रमा रु ९२ लाख गरी रु १ करोड ८४ लाख पेश्की उपलव्ध गराइएको थियो ।उक्त ठेक्काको सम्झौता २०७८/८/२२ मा भई कार्यसम्पन्न गर्ने अवधि ३३ महिना अर्थात २०८१/५/२७ सम्म रहेकोमा लेखापरीक्षण अवधि २०८१/५/२७ मा उक्त निर्माण कार्यको ठेक्काको सम्झौता अवधि समाप्त भएको र भौतिक प्रगति करिब १६ प्रतिशत मात्र रहेको व्यहोरा जनाइएको छ । लेखापरीक्षण अवधिमा २ मध्ये एक मोविलाइजेशन पेशकीको बैंक जमानतको मान्य अवधि समाप्त भई रोक्का राखिएको र अर्को एक मोविलाइजेशन पेशकीको बैंक जमानतको मान्य अवधि निकट भविष्यमा समाप्त हुने क्रममा रहेको देखियो । लेखापरीक्षण अवधि सम्म निजको उक्त दुवै पेश्की बाँकी रकम फर्छौट भएको देखिएन । सम्झौता अवधि ३३ महिनाको उक्त ठेक्कामा शुरुको ११ महिना निजको कावु बाहिरको परिस्थितिको कारण निजले काम गर्न नपाएको जनाएकोमा बाँकी २२ महिनाको अवधि सम्म निजले करिव दुइ तिहाई कार्यसमपन्न गरी भुक्तानी विलबाट पेश्की बाँकी रकम फर्छौट गर्नुपर्नेमा सो वमोजिम नगरेको र लामो अवधि सम्म ठूलो रकम पेश्की स्वरुप व्यक्तिगत रुपमा परिचालन गरेको देखिएकोले उक्त कानुन वमोजिम दुवै पेश्की बाँकी रकम बैंक जफत गरी असुल गर्नुपर्ने र बार्षिक १० प्रतिशतका दरले ३३ मध्ये २२ महिनाको व्याज रकम समेत निज निर्माण व्यावसायीबाट असुल हुनु पर्ने रु

असुल गर्नुपर्ने	३३,७३,३३४

४२ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले यो वर्ष बिभिन्न ११ बिक्रेताबाट सोझै वा खुला दरभाउपत्रको माध्यमबाट औषधी खरिदमा जम्मा रु. ३५१६५१५।भुक्तानी गरेको बिबरण प्राप्त भएको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

• आपूर्ति हुने औषधी डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भन्ने व्यहोरा खुलाएको प्रमाण समावेश नभएको,

• आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,

• औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसार कै औषधी प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरुको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

(क) औषधी खरिद टुक्राएको: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा रु.२५ लाखसम्मको खरिद कार्य उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्रीमुल्यमा सोझै खरिद गर्न सकिने प्रावधान रहेको छ र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासिंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष स्वास्थ्य तर्फ औषधी तथा उपकरण र सर्जिकल औजार खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम ११ बिक्रेताबाट रु. ३५१६५१५।मुल्यको औषधी सोझै तथा खुल्ला दरभाउपत्र लिएर लागत अनुमान अंकमै शुन्य प्रतिशत घटी दरबाट पटक पटक खरिद गरेको देखियो । यस जिल्लाका अन्य पालिकाले योवर्ष इबोलपत्रको माध्यमबाट गरेको औषधी खरिदमा ६९.०५% देखि ६४.२४% सम्मको घटी दरमा प्रस्ताव स्वीकृत भइ खरिद गरेको अवस्था देखियो। यसरी तुलना गरी हेर्दा कार्यालयले औषधी खरिदमा करिव रु.२४२८१५३।रकम कार्यालयलाइ थप व्ययभार पारेको देखियो । यसप्रकार टुक्रा गरेर सोझै वा खुला दरभाउपत्रबाट गरिएको खरिदमा बोलपत्रको तुलनामा थप दायित्व पारेको सम्वन्धमा सम्वन्धितको ध्यान जानुपर्ने देखिएकोले अनियमित भएको रु

सि नं	खरिदको विवरण	खरिद विधि	आपूर्तीकर्ता फर्मको नाम	लागत अनुमान रकम	सम्झौता रकम	भुक्तानी रकम
१	Dengue Test Kit	सोझै	Popular Connection Nepal Pvt Ltd Kathmandu	१७४५००	१७४५००	१७४५००
२	Dengue Test Kit	सोझै	Popular Connection Nepal Pvt Ltd Kathmandu	६४०००	६४०००	६४०००
३	औषधि	सोझै	Mutthi Enterprises Pvt Ltd Kathmandu	९७५९९०	९७५९९०	९७५९९०
४	सर्जीकल सामान	सोझै	Tinex Medicare Pvt Ltd Nawalparasi	५८३६५१	५८३६५१	५८३६५१
५	ल्याव सामान	सोझै	Cherish Trade Concern Kathmandu	१३१९४९	१३१९४९	१३१९४९
६	औषधी	सोझै	Gloriya Pharmaceutical Pvt Ltd Nayabazar Pokhara	९९८३७०	९९८३७०	९९८३७०
७	Dengue Test Kit	सोझै	Popular Connection Nepal Pvt Ltd Kathmandu	२४९६०	२४९६०	२४९६०
८	Tin boxes for storing RUTF	सोझै	Popular Connection Nepal Pvt Ltd Kathmandu	४८०२५	४८०२५	४८०२५
९	Nyano Jhola Piece	सोझै	Ridan Medi Concern Kathmandu	२२४८७०	२२४८७०	२२४८७०
१०	Baby warmer	सोझै	Ridan Medi Concern Kathmandu	२७१२००	२७१२००	२७१२००
११	Nutrition corner	सोझै	Rohini furniture center Sundarbazar 06	१९०००	१९०००	१९०००
			जम्मा	३५१६५१५	३५१६५१५	३५१६५१५

(ख) औषधीको सदुपयोगः आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको प्रयोजनमा प्रयोग गर्नुपर्ने सम्वन्धमा उल्लेख रहेको छ । नियमावली,२०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्वन्धमा प्रावधानहरु रहेका छन् । कार्यालयमा गतवर्ष खर्च नभइ योवर्ष मौज्दात सरि आएका, योवर्ष आफैले खरिद गरेका र संघिय तथा प्रदेश सरकारका सम्वन्धित बिभिन्न निकायबाट बिभिन्न समयमा हस्तान्तरण भइ आएका समेतका औषधी, सर्जिकल समान तथा उपकरणहरुको पालिका केन्द्रमा रहेका र मातहतका स्वस्थ्य संस्थामा रहेका औषधी तथा सर्जिकल सामानहरु र उपकरणको कायम मान्य अवधि समेत देखिनेगरी कार्यालयले अभिलेख अद्यावधिक गरेको देखिन आएन । कार्यालयबाट प्राप्त बिबरण अनुसार निम्नानुसार बिभिन्न ठुलो परिमाणका औषधीहरु यो आ व २०८०।८१ को अन्त्यमा म्याद समाप्त भइ प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको देखियो । जसमध्ये धेरैको मुल्य समेत नखुलेको व्यहोरा प्राप्त बिबरणबाट देखियो । यसप्रकार औषधीहरु नोक्सानी हुनुमा तालुक सरकारका निकायहरुले घटी म्याद भएका औषधीहरु ढिलागरी पठाएबाट सो बमोजिमको अवस्था श्रृजना हुन गएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएको छ । यसरी सर्वसाधरण जनताको सुबिधालाइ लक्षित गरी सरकारी रकमबाट खरिद गरीएका औषधीहरु कसको लापरवाहीबाट नोक्सानी हुन गएको हो यथार्थता यकिन गरी निजहरुबाट असुल हुनु पर्दछ ।

क्र.सं	औषधीको नाम	प्राप्तीको श्रोत	म्याद समाप्त मिति	परिमाण	मुल्य दर रु
1	Ferrous sulphate 60mg + folic acid tab 0.4mg tablet	प्रदेश सरकार	2081/01/31	900	0.85
2	Japanese encephalitis 5 dose	प्रदेश सरकार	2081/01/31	60	3.50
3	Atropine sulphate 0.6mg/1ml	प्रदेश सरकार	2081/01/31	30	42
4	Sodium chloride solution 0.9% 500ml normal saline	प्रदेश सरकार	2081/01/31	125	0.10
5	Determine chase buffer	प्रदेश सरकार	2081/01/31	5	632.45
6	Determine HIV test kit PMTCT	प्रदेश सरकार	2081/01/31	15	113.65
7	Vitamin K 0.5ml injection	प्रदेश सरकार	2081/01/31	10	17
8	Silver sulfadiazine 1% ointment 25gm	प्रदेश सरकार	2081/01/31	50	0.10
9	Clotrimazole 1% w/w 30g cream tube	प्रदेश सरकार	2081/01/31	100	137.92
10	BCG 20 dose	प्रदेश सरकार	2080/09/04	17	7.47
11	Japanese encephalitis diluents	प्रदेश सरकार	2080/09/04	15	0
12	Pheniramine Maleate 22.75mg/ml 2ml injection	प्रदेश सरकार	2080/09/04	15	1
13	Measles + rubella diluents	प्रदेश सरकार	2080/04/25	35	0
14	Xylocaine jelly	प्रदेश सरकार	2080/04/25	20	0.01

अनियमित भएको	२४,२८,१५३

४३ रितपूर्वकको कर विजक

कार्यालयले करदाताबाट रितपूर्वकको कर विजक लिएर मात्र भुक्तानी गर्नुपर्दछ । कार्यालयले निम्नानुसार गरेको भुक्तानीमा रितपूर्वकको कर विजक पेश भएको प्रमाण पेश गर्नुपर्ने रु

गो.भौ.नं. / मिति	करदाताको नाम	स्थायी लेखा नम्वर	भुक्तानी रकम	मू.अ.कर रकम	कैफियत
९/०८१/२/३०	इनोभेसन प्रा.लि. जेलबिल	६०३५५९०६२	७,९५,५२०/-	९१,५२०/-	Non fieler देखिएको
९/०८१/२/३०	स्कील नक्स प्रा.लि.	६१०४८४३५३	४,९५,९५७/-	५७,०५७/-	विजक नं हातले लेखेको
९/०८१/२/३०	वान स्टप टेक्नोलोजि प्रा.लि.	६०६६९३७८५	३४,४६५०/-	३९,६५०/-	विजक नं हातले सच्याएको
९/०८१/२/३०	ड्रागन / विकोन जे.भी.	६०५८३७६५३	८१,३४,०००/-	९,३५,७७०/-	Non fieler देखिएको
९/०८१/२/३०	URP and Associates	१०७०८९६५८	४,९४,९४०/-	५६,९४०/-	Non fieler देखिएको
३०४/०८१/३/२३	उत्सव एण्ड गृष्मा नि. से.	५०००१८७६१	३८,४५,४९५/-	४,४२,४०२/-	Non fieler देखिएको
	जम्मा		१४११०५६२	१६२३३३९	

प्रमाण पेश नगरेको	१६,२३,३३९

४४ खरिद टुक्राएको

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु. ५ लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोभैm खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद

गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोभैm खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष करिव ९९ बिक्रेताबाट रु.२१,४४१,९१७.३८। रकम बराबरको बिभिन्न बस्तु, सामाग्री तथा निर्माण सामाग्री खरिद गरी बिक्रेतालाइ भुक्तानी गरेको बिबरण जिन्सी शाखाको PAMS बाट प्राप्त भएको छ । यसरी यो वर्ष पूँजीगत तथा चालु किसिमका सामान खरिद गर्दा अधिकांश खरिद सोझै तथा ३ वटासंग दर माग गरी पटक पटक खरिद गरिएको पाइयो । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाइ प्याकेज अनुसार एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । वर्ष भरिमा कुन कुन मालवस्तु के कति परिमाणमा के कति मूल्यको खरिद भयो एकमुष्ट अभिलेख अद्यावधिक नगरेबाट यकिन गर्न सकिएन ।

४५ **जिन्सी दाखिला**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को परिच्छेद १० मा सरकारी सम्पत्तीको जिम्मा, लगत र संरक्षण सम्वन्धी व्यवस्थाहरु रहेका छन् । पालिकाले योवर्ष जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित निम्नानुसारका सुधार तथा सुझावहरु लेखापरीक्षण अवधिसम्म कार्यान्वयन गरेको नदेखिएकोले कार्यान्वयन गरिनु पर्दछ ।

• कुनै पनि शाखा÷उपशाखा, वडा कार्यालयहरु वा अन्यले आफु मातहत रहेका सामानहरु थपघट हुँदा वा यताउता हेरफेर गर्दा जिन्सी शाखाबाट अनुमति लिएर मात्र गर्नुपर्ने,

• वडा कार्यालयले जिन्सी सामान खरिद गर्दा सो को अभिलेख राखी केन्द्रीय जिन्सी शाखामा राखी जिन्सी शाखाबाट हस्तान्तरण गरि लिनुपर्दछ,

• कृषि शाखामा तथा अन्य शाखामा प्रयोगविहिन अवस्थामा रहेका सामानहरुको आवश्यक प्रयोग÷मर्मत वा लिलाम गर्नुपर्दछ,

• प्रत्येक शाखा÷उपशाखा वा अन्तर्गतका कार्यालयमा आन्तरिक जिन्सी खाता राख्नु पर्दछ,

• खप्ने सामानको मौज्दात वा खर्चको विवरण प्रविधिमैत्री हुनुपर्दछ,

• जिन्सी शाखा प्रमुखले सम्पूर्ण सामानहरुको संरक्षण, मर्मत संम्भार र लिलाम गर्नुपर्ने सामानको लिलाम प्रकृयामा लैजाने कार्यहरु गर्नुपर्दछ,

• यस प्रतिवेदनलाई आधार मानेर सबै जिन्सी सामानको कोडिङ र नम्बरिङ गर्ने र त्यसको अभिलेख अध्यावधिक गर्ने, अब नयाँ हुने जिन्सी सामानहरु कोडिङ र नम्बरिङ गरेर मात्र शाखाहरुमा हस्तान्तरण गर्नुपर्दछ,

• सम्बन्धित सबै निकायमा खप्ने र नखप्ने रजिस्टर राख्नुपर्ने र रजिस्टरमा मालसामानको विवरण अध्यावधिक भए÷नभएको जिन्सी शाखाले नियमित अनुगमन गर्ने व्यवस्था गर्नुपर्दछ,

• विद्युतिय सामाग्रीहरुको बढ्दो प्रयोग भइरहेको सन्दर्भमा यस्ता सामान समय समयमा बिग्रने भई सो को मर्मत सुधार समयमा नै गर्ने गरी सूचना प्रविधि अधिकृतलाई जिम्मेवारी दिनुपर्ने,

• सरुवा भएर जिन्सी सामान फरक कर्मचारीले प्रयोग गर्नु अघि अभिलेखमा प्रयोगकर्ता पनि फेरिने व्यवस्था गर्नुपर्ने,

• अब जिन्सीमा दाखिला हुने सम्पूर्ण खप्ने सामान कोडिङ, नम्बरिङ गरी भण्डारण गर्ने र सामान बुझ्दा माग फारममा नम्बर सहितको सामान बुझिलिने व्यवस्था तत्काल लागु गर्नुपर्ने ।

• सहायक जिन्सी खाता स्पष्ट रुपमा राख्नुपर्दछ ।

• खर्च भएर नजाने जिन्सी सामानहरुको अभिलेख राख्दा ह्रास कट्टि गर्नुपर्ने ।

• मातहतका कार्यालय तथा शाखाहरुमा खरिद हुने सामाग्रीहरुको एकद्धार रुपमा PAMS मा प्रविष्ट गरी सम्बन्धित शाखा तथा कार्यालयको सहायक जिन्सी खातामा प्रविष्ट गर्नुपर्दछ ।

स्वास्थ्य तर्फका जिन्सी सामान

• बिषयगत शाखाहरु यत्रतत्र छरिएर रहेको हुनाले एकीकृत रुपमा नरहेको हुनाले शाखाको जिन्सीको नियमित निगरानीमा समस्या हुने गरेकोमा बिषयगत शाखालाई मुख्य भवनमा व्यवस्थापन गर्नुपर्ने ।

• बिभिन्न वडा कार्यालय तथा बिषयगत शाखाहरुमध्ये अधिकाशंमा जिन्सीको विवरण चुस्त दुरुस्त र स्पष्टरुपमा राख्ने गरीएको पाईयो यद्पि अध्याबधिक गर्न अस्पस्टता देखिएको मा सबै ठाउँमा चुस्त दुरुस्त राख्न निर्देशन दिनुपर्ने ।

• लिलाम गर्नुपर्ने सामान किटान गरि जिन्सी शाखामा लेखि पठाउने गरेको नपाईएकोमा सोको विवरण तुरुन्त पठाउन लगाउनु पर्ने ।

• चल अचल सम्पतिको स्थलगत निरिक्षण गर्दा कुन सामान कहिले खरीद गरिएको हो र कति मूल्यको हो भन्ने कुरामा अनविज्ञता रहने गरेकोले त्यस किसिमको अभिलेख पाउन कठिनाई रहेको । जिन्सी व्यवस्थापनमा सम्पुर्ण कर्मचारिहरुलाई क्षमता विकास कार्यक्रम तथा तालिम दिनुपर्ने ।

• लिलाम गर्नुपर्ने सामानहरु राख्ने स्थानको अभावले गर्दा यत्रतत्र छरिएको अबस्थामा रहेकोमा सामानको तत्काल लिलामी गर्नुपर्ने ।

• मर्मत गर्नुपर्ने सामान तत्काल मर्मत गरी संचालन गर्नुपर्नेमा त्यस्तो हुन नसकेको जसले गर्दा सामानको अवस्था थप बिग्रन सक्ने जोखिम बढेको पाईयो । त्यसकारण सामानहरु मर्मतको लागि कोटेशन आह्वान गरी बार्षिक रुपमा नियमित समान मर्मत का कार्यहरु गर्ने । न.पा. बाट खरिद गरी सम्बन्धित स्थानमा हस्तान्तरण भएका सामनहरुको विवरण सहज रुपमा उपलब्ध हुन सक्यो भने कतिपय शाखा तथा कार्यालय स्वयमले खरीद गरेका सामाग्रीहरुको दाखिला विवरण केन्द्रीय जिन्सी शाखामा पूर्ण नपठाईएको पाईयो । त्यसकारण खरिदलाई एकद्धार प्रणालीमार्फत मात्र गर्ने गरि व्यवस्थापन गर्नुपर्ने ।

• विगतमा जिन्सी शाखाको सहायक जिन्सि खाता स्पष्ट नराखेको पाईएकोमा सहायक जिन्सी खाता राख्न निर्देशन दिनुपर्ने ।

• जिन्सी विवरण राख्दा खर्च भएर जाने र नजानेहरु राम्रोसँग नछुट्याईएको पाईयो । यसलाई राम्रोसँग छुट्याउन कर्मचारीलाई तालिम दिनुपर्ने।

४६ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस स्थानीय तहले देहाय बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न ११३ जना व्यक्ति एवं संघ संस्थालाई पालिकामा नगर प्रमुख र वडामा वडाध्यक्षको तोक आदेशबाट जम्मा रु. १४,३६,६५०।आर्थिक सहायता वितरण गरेको बिबरण प्राप्त भएको छ।यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ।

४७ **समानीकरणबाट बिद्यालयलाइ अनुदान**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । पालिकाले संघिय समानिकरण समेतको नगरपालिका चालु खर्च शिर्षकबाट बालबिकास तर्फ ३२ लाइ रु. 10530857.7 र बिद्याललय तर्फ ३३ लाइ रु. 10945156। समेत ३५ बिद्यालयलाइ जम्मा रु.२१४७६०१३। आन्तरिक श्रोतबाट करारमा राखिएको शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता वापत रकम निकासा दिइ खर्च लेखेको छ । जसमा पालिकाले देहाय अनुसार ५० जना भन्दा घटी बिद्यार्थी संख्या रहेका बिद्यालयलाइ समेत निम्नानुसार क्रमश रु.४३७९९६३। र रु. ४४६४१५६।समेत रु. ८८४४११९।वित्तीय समानीकरण शिर्षकबाट अनुदान निकासा दिइ खर्च लेखेको बिबरण प्राप्त भएको छ । पालिकाले यसप्रकारको अनुदान सहयोग बिद्यार्थी चाप धेरै रहेका बिद्यालयमा आन्तरिक श्रोतबाट भ्याउने भए मात्र उपलव्ध गराउनु पर्नेमा समानिकरण अनुदान शिर्षकबाट उपलव्ध गराउन मिल्ने देखिदैन । यसमा सम्वन्धितको ध्यान गइ सुधार गरिनु पर्दछ ।

विद्यालयको नाम र ठेगाना	विद्यार्थिको संख्या	आन्तरिक स्रोतबाट तलब खाने			यो वर्ष कुल निकासा बालबिकास	यो वर्षको कुल निकासा कर्मचारी
		का.सहायक	कार्यालय सहयोगी	बालविकास		
भागीरथी प्रावि सुनपा १	७		१		०	१६००००
पाणिनिसंस्कृत मावि सुनपा ३	४८	१	१		०	४३६०००
मनकामना प्रावि सुनपा ३	४३		१	१	२३१०००	२०५०००
शिक्षासदन प्रावि सुनपा ३	३५		१	१	२३१०००	२०५०००
गाउँफर्क प्रावि सुनपा ४	३४		१	१	२३१०००	२०५०००
श्रीसदन प्रावि सुनपा	१९		१	१	२३१०००	२०५०००
दुर्गादिवी प्रावि सुनपा ५	३५		१	१	२३१०००	२०५०००
समाजसेवा प्रावि सुनपा ५	४०		१	२	४६२०००	२०५०००
आदर्श प्रावि सुनपा ६	३३		१	१	२३१०००	२०५०००
शान्तिनिकेतन प्रावि सुनपा ६	४१		१	१	४३४८००	२०५०००
भैरवदेवी प्रावि सुनपा ६	२३		१	१	२३१०००	२०५०००
कालिका शिक्षा मन्दिर प्रावि सुनपा ८	१७		१	१	२८०००	१७७०००
अकलाबगैंचा आवि सुनपा ८	३८		१	१	२३१०००	२०५०००
शान्तिनिकेतन प्रावि सुनपा १०	१८		१	१	२२११६३	२०५०००
ज्वालादेवी प्रावि सुनपा १०	७		१	१	२३१०००	२०५०००
सिद्धिसदन आवि सुनपा १०	४२		२	१	२३१०००	४१००००
सरस्वतीसदन मावि सुनपा ११	५०	१	१	१	२३१०००	४३६०००
देवीसदन प्रावि सुनपा ११	३५		१	१	२३१०००	२०५०००
शोभामन्दिर प्रावि सुनपा ११	७		१		०	१८०१५६
मिलनशान्ति बाविके सुनपा ६	४५			२	४६२०००	०
देउराली बाविके सुनपा ८	१०			१	२३१०००	०
					४३७९९६३	४४६४१५६

४८ **समानीकरणबाट बिद्यालयलाइ अनुदान**

न्युन विद्यार्थी संख्या भएका विद्यालयः संघिय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ । सोही नियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरु उल्लेख गरेको छ।यस पालिका मातहतमा सामुदायिक विद्यालयको संख्या ३३ र बालबिकास केन्द्र २ रहेको र यस आ व मा उक्त विद्यालयहरुलाइ यस पालिकाबाट जम्मा रु.२०१८८८९२४। निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरण

अनुसार १९ विद्यालय र २ बालबिकास केन्द्र समेत २१ बिद्यालयहरुमा उपरोक्त कानूनले तोकेभन्दा न्यून संख्यामा विद्यार्थी संख्या रहेको व्यहोरा देखिन आयो। तसर्थ न्यून विद्यार्थी संख्या रहेका विद्यालयहरुलाइ उपरोक्त कानून कमोजिम एक आपसमा गाभी विद्यालय व्यवस्थापनलाइ चुस्त, प्रभावकारी र मितव्ययी तुल्याउने तर्फ पालिकाले ध्यान दिएको नदेखिदा सम्बन्धित निकाय तथा पदाधिकारीको ध्यान गइ कानून बमोजिम गर्नुपर्ने देखिन्छ। प्राप्त बिबरण अनुसार यस पालिका अन्तर्गत बिद्यालय संख्या, विद्यार्थी संख्या र बिद्यालयमा बार्षिक निकासा रकमको विवरण यस प्रकार छ।

सि.नं.	विद्यालय स ंख्या	विद्यार्थी संख्या		कुल निकासा रु
		देखि	सम्म	
१	१४	५१	८४२	१४७९८२०६८
२	२१	७	५०	५३९०६८५६
	३५	जम्मा		२०१८८८९२४

४९ **उपभोक्ता समिति तर्फ**

४९.१ उपभोक्ता समितिबाट गराएको कामः कार्यालयले योवर्ष गरेको पूंजीगत खर्च मध्ये देहाय बमोजिम १८४ वटा उपभोक्ता समितिहरुबाट रु.८१८२४९।को कार्य गराएकोमा रु.१३४२५५०६. को कार्य लागत/ जनसहभागिताबाट गराइ बाकी रु.६८३८९७४३. नगरपालिकाबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ ।

विवरण	उपभोक्ता समिति संख्या	लागत अनुमान	सम्झौता रकम	जम्मा भएको काम	लागत/जनसहभागिताबाट भएको	कार्यालयको श्रोतबाट भुक्तानी
७० : ३० प्रतिशत लागत सहभागिताबाट	१५	१९४३९९६४	१९४३९९६४	**१८९८९४८३**	७५४९३४२	११४४०१४१
उपभोक्ताको जनासहभागिताबाट	१६९	६२४५१५१४	६२४५१५१४	६२८२५७६६	५८७६१६४	**५६९४९६०२**
जम्मा	१८४	८१८९१४७८	८१८९१४७८	८१८१५२४९	१३४२५५०६	६८३८९७४३

उक्त कारोवारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

(क) बजेट तथा कार्यक्रमको संशोधन: स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७३ उपदफा ३ मा स्वीकृत बजेटको परिधि भित्र रही प्रचलित कानुन बमोजिम खर्च गर्ने सम्वन्धी सम्पूर्ण उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुने र उपदफा ७ मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गइ बजेट खर्च गर्न नपाउने उल्लेख रहेको छ । पालिकाले योवर्ष प्रत्येक वडाको लागि बजेट र कार्यक्रम स्वीकृत गरेकोमा वडाहरुले योजनाहरु कार्यपालिकाबाट संशोधन तथा थपघट गरी कार्यान्वियन गरेकोमा पछि सभाबाट अनुमोदन गरेको जनाएको छ । त्यसैगरी सभाबाट शुरुमा स्वीकृत पालिका स्तरिय योजनाहरु कार्यपालिकाको निर्णय र नगरप्रमुखबाट तोकादेश मार्फत संशोधन तथा थपघट गरी कार्यान्वन गरेकोमा पछि सभाबाट अनुमोदन गरेको जनाएको छ । यसप्रकार सभाले शुरुमा बजेट तथा योजना स्वीकृत गर्दा र कार्यपालिकाको निर्णयबाट संशोधन भएका र नगरप्रमुखबाट तोकादेश भएका योजना तथा कार्यक्रम छनोट गर्दा नेपाल सरकारको खर्च बर्गिकरण र व्याख्या तथा बजेटको सिद्दान्त बिपरित पुंजिगत बजेटमा चालु तथा उपभोग र संचालन पकृतिका खर्च समेत समावेश गरी खर्च गर्ने गरेको पाइयो । यस प्रकार गरेको बजेट तथा कार्यक्रमको संशोधन र कार्यान्वियनलाइ कानुन अनुरुप भएको भन्न मिल्ने देखिएन ।

ख) हस्तान्तरण र लगत अद्यावधिकः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र सुन्दरबजार नगर पालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७४ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र खण्ड (ट) लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने, जनसहभागिता वा लागत

सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनुपर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्था छन् । स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वियन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उक्त कानुनले तोके बमोजिमको अवस्था पालना गरेको नदेखिएको हुदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

(ग) मुल्य अभिबृद्धि करः कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ मा तोकिए बमोजिम तयार गर्नुपर्दछ । जस अनुसार उपभोक्ता समितिबाट गराउने निर्माण कार्यको लागत अनुमान तयार गर्दा ओभरहेड र मुल्य अभिबृद्धि कर बाहेक परिमाण र दर बिश्लेषणबाट निकालिएको लागत अनुमानमा मुल्य अभिबृद्धि कर लाग्ने निर्माण सामाग्रीको मात्र मुल्य अभिबृद्धि कर यकिन गरेर (VAT for VATABLE Items) उक्त निकालिएको लागत अनुमानमा थप गरेर हुने रकमलाइ कुल लागत अनुमान कायम गरिनु पर्ने र सोही बमोजिम कार्य गराइ उपभोक्ता समितिले निर्माण कार्य गर्दा लागत अनुमानमा उल्लेख भएको मुल्य अभिबृद्धि कर रकममा नबढ्नेगरी मुल्य अभिबृद्धि कर लाग्ने निर्माण सामाग्री खरिद गर्दा बिल बमोजिम तिरेको वास्तबिक मुल्य अभिबृद्धि कर रकम ठेक्का बिल र कार्य स्वीकार प्रतिवेदनमा समावेश गरेर भुक्तानी गर्नु गराउनु पर्नेमा सो बमोजिम नगरी लागत अनुमानको दर बिश्लेक्षण गर्दा नै मुल्य अभिबृद्धि कर रकम समेत समावेश गरी तयार गरेको र सोही बमोजिमको मुल्य अभिबृद्धि करको सबै रकम उपभोक्ता समितिलाइ भुक्तानी दिने गरेको देखियो । जसले गर्दा उपभोक्ता समितिले वास्तविक रुपमा तिरेको मुल्य अभिबृद्धि कर रकम भन्दा बढी रकम निजलाइ भुक्तानी हुन सक्ने अवस्था रहेको हुदा यस सम्वन्धमा यथार्थता यकिन गरिनु पर्ने देखिन्छ ।

(घ) भुक्तानीको सिफारिसः उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा केहीमा फोटाहरु संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । केहीमा फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन । त्यसैगरी सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भनि आश्वस्थता हुने आधार कमजोर रहेको छ ।

(ङ) जनश्रमदान र लागत सहभागिताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । नगर सभाले उपभोक्ता वा लाभग्राही समुहबाट गराउने कार्यमा न्युनतम १० प्रतिशत जनसहभागिता जुटाउनु पर्ने निर्णय गरेको जनाइएको छ । कार्यालयले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फmबाट नगद लागत सहभागिता वा जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित कार्यालयको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये धेरैजसो निर्माण कार्यमा १० प्रतिशतको हाराहारीमा जनसहभागिताबाट कार्य गराएको छ भने १५ वटा योजनामा ३० प्रतिशतको लागत सहभागितामा उपभोक्ताबाट कार्य गराइएको देखियो। उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिता र लागत सहभागिताको अंश बृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्धि गूर्नु पर्दछ ।

(च) सामुदायिक भवन निर्माण: पालिकाले योवर्ष बिभिन्न वडाहरुमा सामुदायिक भवनहरु निर्माण गरेकोमा निजी जग्गा वा समूह/संस्थाको नाममा रहेको जग्गामा बनाएको हो खुल्दैन । अधिकांश भवनहरु समूह/संस्थाको नाममा रहेको जग्गामा बनाइएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएता पनि सम्झौता साथ जग्गाको लालपुर्जा राख्ने गरेको नदेखिएबाट यकिन हुन सकेन । यसमा सुधार हुनु पर्दछ ।

(छ) सार्वजनिक परिक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । अधिकांश कार्य सडक निर्माण तथा मर्मत गर्ने कार्यहरु गरेको भएतापनि, भवन निर्माण, खानेपानी तथा कृषि तथा पशु विकास लगायतका कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई गरेको जनाएता पनि सार्वजानिक सुनुवाई बिस्तृत रुपमा नगरी तोकिएको फारम भरेर केही सिमित व्यक्तिको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरुमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ ।

त्यसैगरी बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन आएन । यस सम्वन्धमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

(ज) अनुगमन समिति ः नगरपालिका उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी सबै बिकास योजनाको अनुगमन गरेर प्रतिवेदन दिनुपर्नेमा सो बमोजिमा प्रतिवेदन नगरी रु ५ लाख भन्दा बढी खर्च भएका योजनाको हकमा नगरपालिका स्तरिय अनुगमन समितिले र सो भन्दा घटी खर्च भएका योजनाको हकमा वडास्तरिय अनुगमन समितिले मात्र एक निश्चित फारममा समितिका सदस्यले हस्ताक्षर गरेर पेश गर्ने गरेको छ । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा आश्वस्त हुनेगरी नगरपालिका स्तरिय अनुगमन समितिले सिफारिस गरे पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

(झ) तेश्रो पक्षबाट कार्य: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १० अनुसार उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ। उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको पाइयो । आफैले नगरी तेस्रो पक्षबाट गराएबाट नियम बमोजिम उपभोक्ता समितिलाई कालो सुचीमा राख्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन ।

(ञ) हेभी इक्विपमेण्टको प्रयोगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ

यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्:

गोभौ नं	उसको विवरण	भुक्तानी पाउनेको विवरण	हेभिईक्युप मेण्टमा खर्च	मु अकर
७ २०८०।४।२५	बोगटी बारी आपस्वारा हुदै कुभिण्डे जाने सडक स्तरउन्नती	तिरुपति कन्स्ट्रक्सन	३६०००	४६८०
५८ २०८०।७।१	भण्डारी कुवादेखि कटरबोट सम्म पक्की नाला निर्माण	रेशम एण्ड गौली कन्स्ट्रक्सन	१०९३३	१४२१
१०४ २०८०।९।१७	परेवाडाडा भरिकोबाटो मर्मत	ठाकुर सिह कन्स्ट्रक्सन	१९५०००	२५३५०
११० २०८०।९।२०	दुराडाडा मो बा मर्मत	सेभेन हिल्स डेभलेप्मेट प्रालि	१५९३००	२०७०९
१११ २०८०।९।२४	घुमाउने भित्रि बाटो मर्मत	तारा कन्स्ट्रक्सन	१३२७४	१७२६
११४ २०८०।९।२३	डोजर सञ्चालन तथा सडक मर्मत	देउराली माई कन्स्ट्रक्सन	२३३६४०	३०३७३
१४४ २०८०।१२।२२	परेवाडाडा भरिकोबाटो मर्मत	माइबेशी मनकामना कन्स्ट्रक्सन	२१५२३२	२७९८०
१४५ २०८०।११।२३	पण्डित बन्धु समाज	मालिका कन्स्ट्रक्सन	८७५००	११३७५
१५४ २०८०।१२।२७	चालिसे निवोटे सडक स्तरउन्नती	श्री भागिरथी देवि निर्माण सेवा	३४२४७	४४५२
२०६ २०८१।१।२५	मो वा ढलान तथा नाला निर्माण	मालिका कन्स्ट्रक्सन	३३६००	४३६८
२०९ २०८१।१।२५	ज्यामिरे मैदान सडक स्तरउन्नती	रेशम एण्ड गौली कन्स्ट्रक्सन	६९२९२	९००८
२५७ २०८१।२।३२	कालिका आमा समूह भवन निर्माण	बुढाथोकी कन्स्ट्रक्सन	२८३००	३६७९
३३७ २०८१।३।२४	वडा नं ७ को विभिन्न बाटो मर्मत	रेशम एण्ड गौली कन्स्ट्रक्सन	१३६२८३	१७७१७
३५५ २०८१।३।२४	वडा नं ३ मा फुटबल ग्राउन्ड निर्माण	रेशम एण्ड गौली कन्स्ट्रक्सन	१०१७६२	१३२२९
		जम्मा	१३५४३६३	१७६०६७

(ट) गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत गरेका सबै कार्यहरुमा र निर्माण व्यवसायी मार्फत गराइएका केहि निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

ठ) जटिल प्रकृतीको कार्य उपभोक्ता समितिबाट गराएको – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । उपनियम १० मा उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने उल्लेख रहेको छ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको व्यहोरा खर्चका बिलभर्पाइहरुबाट देखिन आयो । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धा गराइ कार्य गराउन उपयुक्त हुने देखिन्छ ।यसका केही उदाहरण निम्न छन् ।

योजनाकोनाम	वडा नं	लागतअनुमान	न.पा अनुदान	सहभागिता	भुक्तानीरकम
देउरालीगाउँ पहिरो नियन्त्रण आयोजना	वडा नं.२	४०४२८८	१०००००	३०६७८८	१०००००
कर्मासम्पालिङ गुम्बा जाने बाटो ढलान	वडा नं.९	५६७५९४	४०७०००	१७०७६९	५६५४९८
प्रगतिशिलटोल सडक ढलान	वडा नं.७	९८८६०७	६९२०५५	५९३२०२	९५६६५६
चिहानपाटा धुसेनी नेटा सडक ढलान	वडा नं.३	२५५४२६२	७८००००	१७९३७६२	२५५३२२९
हात्तिगाडे मनकामना सडक ढलान	वडा नं.३	४२१५९७४	३०११०००	१२८०२४९	४२१६४७९
फेदीकुनाप्रोजेक्ट गेट सयफाँट सडक स्तरउन्नती	वडा नं.९	१५११७१६	१०२५०६२	५१२२८१	१४६९३४४
शहरी स्वास्थ्य केन्द्र मर्मत खत्रीठाँटी	वडानं.६	१०१५५२	१०००००	४०५२	९९५०५
कुमालखोला फलामे कल्भर्ट	वडानं.६	१५४८९०	१५००००	८६४०	१४००३०
डोजर संचालन तथा सडक मर्मत	वडानं.११	१६१६६४	१४५०००	२०२८९	१४५०००
सिस्नेरी खोलामा फड्के पुल	वडानं.९	१६३७७८	१५००००	१७५२८	१५००००
करङे सिमखेत कलभर्ट निर्माण	वडानं.६	१६८२२०	१५००००	२१९७०	१५००००
देउरालीआड चौर स्वास्थ्य चौकी खानेपानी योजना	वडा नं.२	१८४५५०	१७००००	१८८००	१७००००
हेसे हाइतोङ्ग गुम्बा	वडानं.१०	२०६६५८	२०००००	११६५८	१९८९७९
नयाँ बस्ती बाटो ढलान	वडानं.४	२१८३६२	२०००००	२३३६२	२०००००
क्रिश्चियन चर्च	वडानं.५	२२२६३१	२०००००	२७६३१	१९९३६९
शान्ति मार्ग सैनिकटोल नाला निर्माण	वडानं.६	२२५०३३	२०००००	३००३३	२०००००
करङे सिमखेत कलभर्ट निर्माण	वडान.६	२८२६८६	२५००००	३८९३६	२४७६५७
डोजर संचालन	वडानं.१	३४३५१२	३०५०००	४६१३७	२११९२०
तार्कुकोट भ्यु टावर छाना	वडानं.८	३१३७५६	३०००००	२१२५६	३०००००
डोजर संचालन तथा सडक मर्मत	वडान.१	३२५३२५	३०००००	३२८२५	३०००००
खहरे खोला फड्के पुल निर्माण	वडान.३	३२६७५६	३०००००	३४२५६	२९९२५३
पुलचोक- ग्लोवल भिजन नाला निर्माण	वडानं.९	४०३०२८	३७००००	४२२७८	३७००००
सिस्नेरी खोला तटबन्धन	वडानं.९	४३४२२१	४०००००	४४२२१	४०००००
धारापानीसडक ढलान योजना	वडा नं.४	४३५१३८	४०००००	४५१३८	४०००००
लालीगुँरासस्कुलचोक देखि बुढीकुवासम्म सडक ढलान	वडा नं.९	४८९१८२	४५००००	५०४३२	४५००००
गाँउघर क्लिनिक योजना	वडानं.४	५२५५७६	५०००००	३८०७६	४९६४१६
परेवाडाँडा पुत्लेटार कुलो	वडान.२	५३०११८	५०००००	४२६१८	४९९७०६
अँधेरीखोला हुँदै कटहरबोटे सडक ढलान	वडा नं.९	५४०२१०	५०००००	५२७१०	५०००००
वडाकार्यालय अगाडी पार्क निर्माण	वडा नं.११	५४५९२६	५०००००	५८४२६	५०००००
तोयनाथपार्क निर्माण एवं व्यवस्थापन	वडा नं.४	५४६२९२	५०००००	५८७९२	४७७३३२
भोलामार्ग ग्याविन	वडा नं.६	५४१७०८	५०००००	५४२०८	५०००००
मदन-आश्रितस्कृति भवन मर्मत संभार	सु.न.पा	५३०७३४	५०००००	४३२३४	४१०३०७
ब्यहोलोडेरसंचालन तथा अन्य पुर्वाधार बिकास	वडा नं.७	५८७५२६	५०००००	१०००२६	५४१८३७
परेवाडाँडा भरीको बाटो मर्मत	वडानं.२	७५८६२५	७०००००	७६१२५	६९५१८४
पाउँदी मरणघाट व्यवस्थापन	वडानं.७	७५९१७१	७०००००	७६६७१	७०००००
भोटेवडार बेलघारी मरणघाट व्यवस्थापन	वडानं.९	७६३१०८	७०००००	८०६०८	७०००००
आदर्शआर्य समाज भवन निर्माण	वडा नं.७	७८८०१२	७५००००	५६७६२	७५००००
भण्डारीकुवा देखि कटरबोटे पक्की नाला निर्माण	वडा नं.७	८६९८०५	८०००००	८९८०५	८०००००
मातृभूमि क्याम्पस हुदै मजुवाफाँट सम्म पक्की नाला	वडानं.७	८७३३९२	८०००००	९३३९२	७९६५२०
गाउसेखानेपानी योजना	वडा नं.२	१०४१६९८	९६००००	१०५६९८	९६००००
सर्वोदयमा. बि.को छत निर्माण	वडा नं.३	१०२९२३५	१००००००	५४२३५	९९५०२८
कालिकाआमा समुह भवन निर्माण	वडा नं.८	१०५८२३९	१००००००	८३२३९	१००००००
सिन्दुरेढुङ्गा पार्क निर्माण	वडा नं.११	१०९४१७७	१००००००	११९१७७	९९९३३७
विविधखानेपानी मर्मत	वडा न.३	११३१९६६	१००००००	१५६९६६	१००००००

कुमालखोलामा फलामे पुल निर्माण	वडा न.७	१६७३४२	१५४०००	१७१९२	१५४०००
मोटरबाटो ढलान तथा नाली	वडा नं.११	११९१६१८	११०००००	११९११८	१०९१११५
मोटरबाटो स्तरोन्नती	वडा नं.८	१३०२४२३	१२०००००	१३२४२३	११३९२३९
ग्याग्दीखोलामा फलामे पुल	वडा नं.६	१३०१९७३	१२०००००	१३१९७३	११९८२३८
पतेनीबाट गढी जाने मोटरबाटो ढलान मर्मत	वडा नं.१	१४१०४२८	१३०००००	१४२९२८	१२६५०२२
सानासिंचाई योजना	वडा न.२	१६२५०४५	१५०००००	१६२५४५	१४४०१८०
भोटेओडारसिउडीबार-तार्कुकोट पर्यटनमार्गस्तरोन्नती	वडा नं.८	१६३१०९८	१५०००००	१६८५९८	११७५०४१

ड) उपभोक्ता समितिको कार्यमा विमाः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ को ३ क मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट वीस लाख रुपैया भन्दा वढी मुल्यको निर्माण कार्य गराउंदा सम्झौता रकममा वीमा वापतको खर्च व्यहोर्ने रकम समावेश गरी सोही रकमवाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले वीमा गराउनुपर्नेछ भनी उल्लेख छ । मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाका निम्न वमोजिमका योजनाहरुमा रु १ करोड ३८ लाखको कार्यमा वीमा नै नगराइ निर्माण कार्य गराएको छ । नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

गो भौ मिति	**विवरण**	**ल इ**	**भुक्तानी**
३५६।२०८१।३।२४	वडा कार्यालय सौभाग्य सदन सडक स्तरउन्नती	२७१२२७७.	१८३७१२३
७।२०८०।४।२५	बोगटि बारी आपस्वारा हुदै कुसुण्डे जाने सडक स्तरउन्नती	२२२३०३५	१५५६१२४
२५५।२०८१।३।३१	हात्तिगाडे मनकामना सडक ढलान योजना	४२९१२४८	२८६२७४६
२२।२०८०।५।५	ढकाल खोल्सी देखि सिदेश्वर कालिका मन्दिर सम्म सडक	४६४२६७२	३०१९८३५
	जम्मा	१३८६९२३२	९२७५८२८

४९.२ ढ) न्युन विजकिकरणः सार्वजनिक खरिद नियमावलीको नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धाण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निम्नानुसार काममा सिमेन्टको जिल्ला दररेट रु. ७३० को आधारमा दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ । तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा सिमेन्ट खरिदको बिल पेश गरेकोले निम्नानुसार रकम भ्याट बापत बढी भुक्तानि भएको छ । जिल्ला दररेटको आधारमा भ्याट रकम भुक्तानी हुँदा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु २०२२६२

भौचरनं.	योजनाकोनाम	निर्माणसामाग्री	खपदपरिमाण (गोटा/बोरा)	भुक्तानीदर	खरिददर	फरकदर	भुक्तानी	मु अकर
७ २०८०।४।२५	बोगटी बारी आपस्वारा हुदै कुसुन्डे जाने सडक स्तरउन्नती	सिमेन्ट	१३०१	९२५.	६६७	२५८.३	३३६०४८	४३६८६
५८ २०८०।७।१	भण्डरी कुवादेखि कटरबोटेसम्म पक्की नाला निर्माण	सिमेन्ट	३००	८२५.	५८०	२४५.	७३५००	९५५५
६३ २०८०।७।२	श्री पन्चशिल तामाङ समाज	सिमेन्ट	१४४	८२५.	६४४	१८१.	२६०६४	३३८८
६८ २०८०।७।२	फलेनीखोलादेखि खड्का चौतारा सम्म सिडि निर्माण	सिमेन्ट	१७५	८२५.	६३५.	१९०.	३३२५०	४३२३
८१ २०८०।७।२२	रामजानकी मन्दिर सचिवालय भवन निर्माण समिति	सिमेन्ट	७५	८२५.	६२२	२०३.	१५२२५	१९७९
		सिमेन्ट	२८	८२५.	६२७	१९८.	५५४४	७२१
		सिमेन्ट	८७	८२५.	६८०	१४५.	१२६१५	१६४०
९३ २०८०।९।१	लालीगुरासँस्कुलचोक देखि बुढिकुवा सम्म सडक ढलान	सिमेन्ट	३५	८२५.	६०३	२२२.	७७७०	१०१०
		सिमेन्ट	६०	८२५.	६७३.	१५२.	९१२०	११८६
		सिमेन्ट	७५	८२५.	७९१	३४.	२५५०	३३२
९४ २०८०।९।३	अधेरीखोला हुदै कटहरेबोट सडक ढलान	सिमेन्ट	९०	८२५.	६५६	१६९.	१५२१०	१९७७
		सिमेन्ट	१४०	८२५.	६८०	१४५.	२०३००	२६३९
९५ २०८०।९।५	लिङगेडाडा चौतारा मर्मत तथा मन्दिर ट्रस	सिमेन्ट	११०	८२५.	६९०	१३५.	१४८५०	१९३१
९६ २०८०।९।५	अर्चलेटोल गंगा मार्ग स्तरउन्नती योजना	सिमेन्ट	२५०	८२५.	६४५	१८०.	४५०००	५८५०
		सिमेन्ट	१०७	८२५.	६३३	१९२.	२०५४४	२६७१
११२ २०८०।९।२३	आदर्श मार्ग समाज भवन निर्माण	सिमेन्ट	२०५	८२५.	६४५	१८०.	३६९००	४७९७
११५ २०८०।९।२९	फेदिकुना प्रोजेक्ट गेट देखि सयफाट जाने सडक उ स	सिमेन्ट	४९०	८२५.	६३३	१९२.	९४०८०	१२२३०
१२५ २०८०।१०।११	सत्सर्ग मार्ग स्तरउन्नती	सिमेन्ट	४५०	८२५.	६३३	१९२.	८६४००	११२३२
१३४ २०८०।१०।१७	कर्म सम्पालिङ गुम्बा जाने बाटो ढलान	सिमेन्ट	७८७	८२५.	६३३.	१९२.	१५११०४	१९६४४
१७६	सिस्नेरी खोला तटबन्धन	सिमेन्ट	१५२	८२५.	६७३.	१५२.	२३१०४	३००४
२०६	मो वा ढलान तथा नालि निर्माण	सिमेन्ट	३७६	८२५.	६५०	१७५.	६५८००	८५५४

२०८१।१। २५								
207 २०८१। १।२६	फेदीचौडाडा सडक स्तरउन्नती	सिमेन्ट	१९५	८२५.	७३०.	९५.	१८५२५	२४०८
२२५ २०८१।२।४	मातृभुमि क्याम्पस हुदै मजुवाफाट सम्म पक्किनाला	सिमेन्ट	२७०	८२५.	७४६.	७९.	२१३३०	२७७३
२६६ २०८१।३।६	नेवालखल भवन सुन्दरबजार	सिमेन्ट	३२६	८२५.	६६०.	१६५.	५३७९०	६९९३
२५७ २०८१।२। ३२	कालिका आमा समुह भवन	सिमेन्ट	२३२	८२५.	६६२.	१६३.	३७८१६	४९१६
२५२ २०८१।२। ३०	कटहरे धारा खुभ्रुक मुडे चौतारा सिडि निर्माण	सिमेन्ट	३०५	८२५.	६२२	२०३.	६१९१५	८०४९
२८१ २०८१।३। १९	पन्चशिल तामाङ समाज	सिमेन्ट	१८०	८२५.	६२२	२०३.	३६५४०	४७५०
३३४ २०८१।३। २४	चिहानपाटा धुसेनी नेटा सडक ढलान	सिमेन्ट	३९५	८२५.	७३०	९५.	३७५२५	४८७८
३४७ २०८१।३। २४	मोवा स्तरउन्नती उ स	सिमेन्ट	४२५	८२५.	६२२	२०३.	८६२७५	११२१६
३५६ २०८१।३। २४	वडा कार्यालय सौभाग्य सदन सडक	सिमेन्ट	८६०	८२५.	७३०	९५.	८१७००	१०६२१
३७० २०८१।३। २४	विविधखानेपानी भर्मत उस	सिमेन्ट	१५५	८२५.	७००	१२५.	१९३७५	२५१९
		सिमेन्ट	२७	८२५.	६००	२२५.	६०७५	७९०
	जम्मा		८८०७				१५५५८४४	२०२२६०

ण) बढी भुक्तानी: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । ढकाल खोल्सी देखि सिद्धेश्वर कालिका मन्दिर सडक स्तरउन्नति कार्यमा उपभोक्ता समिति र नगरपालिका विच ३० प्रतिशत र ७० प्रतिशत लागत साझेदारी हुनेगरी कार्य गर्ने सम्झौता भएको देखिन्छ । सो कार्यमा गो भौ न र मिति (६ २०८०।५।१२) बाट रु १४४०२१० र (२२ २०८०।५।५) गो भौ र मितिबाट रु ३०१९८३५ गरि कुल ४४६००४५ भुक्तानि भएको देखिन्छ । तर उक्त कार्य सम्पन्न गरि मुल्याङकन गराउदा रु ४३१४०५१।७९ खर्च भएको देखिन्छ । यसरि मुल्याङकन भन्दा भुक्तानी बढी रु १४५९९३।२१ भएको देखिन्छ । मुल्याङकन भन्दा

भुक्तानी बढी भएको रु १४५९९३।२१ को उपभोक्ता समितिले बेहोर्ने हिस्सा वापतको (३० प्रतिशत) बढी भुक्तानि भएको रकम सम्बन्धित बाट असुल गर्नुपर्ने रु ४३७९८।

त) असुल गर्नुपर्ने: २५५ २०८१।२।३१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । हात्ति गाडे मनकामना सडक ढलान योजनाको लागत अनुमान तथा अन्तिम बिलमा भएको निर्माण कार्यको गुणस्तर परीक्षण बापत रु १५००० भुक्तानि भएको देखिन्छ । तर सो कार्य वापतको विजक पेश भएको देखिदैन त्यसैले विजक बेगरको भुक्तानि गरिएको रकम बढि भुक्तानी भएकाले सम्बन्धित बाट असुल गर्नुपर्ने रु १५०००।

थ) असुल गर्नुपर्ने: १७६ २०८१।१।९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । सिस्नेरी खोला तटबन्धन कार्यमा कन्टिन्जेन्सी सहित रु ४ लाख बजेट विनियोजित भएको देखिन्छ । लगत स्टिमेटमा मा समेत कन्टिन्जेन्सी कट्टापछीको रु ३ लाख ९० हजार भुक्तानी दिनुपर्ने व्यहोरा देखिन्छ । तर उपभोक्ता समितिलाई भुक्तानि दिनेक्रममा ३ लाख ९८ हजार भुक्तानि गरिएको देखिन्छ। सो कार्यमा बढि हुनगएको भुक्तानि रु ८ हजार सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु ८०००।

असुल गर्नुपर्ने	२,६९,०६०

५० **प्रमाण, भर्पाई पेश गर्नुपर्ने**

१४९४।२०८१।३।२२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने साथै नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्नेछ व्यवस्था रहेको छ । कार्यालयले लाभग्राहीको लागि खानेपानी तथा सिचाईको लागि बर्षको मसान्तमा रु.११७९०००। ०० को जाली तथा HDPE पाईप लगायतको समान खरिद गर्दा सम्झौताको बुदाँ न २ मा समानको ल्याव टेष्ट प्रमाण उपलब्ध गराउनु पर्ने ब्यवस्था छ ।साथै सम्बन्धित शाखाका प्राविधिकले उक्त सामानको गुणस्तर चेकजाँच गरेर मात्र कार्यालयमा आम्दनी बाँध्नु पर्नेमा सोको गरेको देखिएन।उक्त सामनको ल्यब टेष्टको प्रमाण, प्राविधिककले सामानको गुणस्तर चेकजाँच गरेको तथा लाभग्राहीले बुझेको भर्पाई तथा मौज्दातको कागजात पेश हुनुपर्ने रु

प्रमाण पेश नगरेको	११,७९,०००

५१ **बढी दररेट असूल गर्नुपर्ने**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५२ **बिजुली महसुल**

१५०२।२०८१।३।२३ गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९को दफा १६(२) बमोजिम पानी, बिजुली, टेलिफोनको महसुल मिटर रिडिङ्ग पछि तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमनुसारको छुट सुविधा लिने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । यस पालिकले बिजुली महसुल रु.२३८१०। भुक्तानी गर्दा नेपाल

बिधुत प्रधिकरणलाई समयमा महसुल नतिरेकोले रु.४४०८। जरिवाना तिरेकोले पालिकालाइ बढी दायित्व श्रृजना भएको रकम नियमसम्त नभएको रु

अनियमित भएको	४,४०८

५३ **भ्रमण अभिलेख नराखेको**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था छ । कार्यालयले भ्रमण अभिलेख नराखी विभिन्न पदाधिकारी तथा कर्मचारीलाई बिभिन्न गौ.भौ.न. तथा मितिमा भ्रमण गरेको रकम चालु शिर्षकबाट रु.२२८२८९५। भुक्तानी गरेको छ । यसरी भ्रमणको अभिलेख नराख्दा कुन कर्मचारी कहाँ कति समयको लागि भ्रमण गएको, कुन प्रयोजन र दोहोरो भर्मण खर्च लेख्ने सम्भावना समेत हुने हुदा यसमा सुधार हुनुपर्दछ ।

५४ **. फिल्ड भत्ता**

१३३०।०८१।३।१२ प्रदेश खर्च मापदण्ड, २०७९ को दफा १५(१) सम्बन्धित निकायको कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरे बापत तलब बाहेकको अन्य थप सुविधा एवं अतिरिक्त भत्ता लिन पाइने छैन । दफा १५(३) बमोजिम दैनिक काम वाहेक अनिवार्य रुपमा थप काम गर्नु पर्ने अवस्थामा थप कामको विवरण र कारण सहित अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति लिएर मात्र त्यस्तो काममा लगाउने र सो वापत तोकिएको सुविधा खर्च लेख्दा कार्यसम्पन्न भएको प्रगति विवरण समेत पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले गतविगत वर्षको नगर सभाको निर्णय अनुसार प्राविधिक तर्फका कर्मचारीलाई दैनिक भ्रमण भत्ताको सट्टा मासिक फिल्ड भत्ता चालु शिर्षकबाट दिने निर्णय गरेको छ । पालिकाले सभाबाट कार्यविधि स्वीकृत गराइ सो आधारमा पालिकाको आफ्नो आन्तरिक आम्दानीबाट दैनिक भ्रमण भत्तासंग दोहोरो नपर्ने गरी भुक्तानी दिनुपर्नेमा स्वीकृत कार्यबिधि बेगर नै सभाको पटके निर्णयको आधारमा पालिकाको आन्तरिक आम्दानी कमजोर रहेको अवस्थामा समेत संघिय अनुदान शिर्षकमा प्राप्त बजेटबाट कर्मचारीहरुलाइ यस प्रकारको भत्ता भुक्तानी दिने कार्यलाइ कानुनसम्मत भएको भन्न मिल्ने देखिएन । यसप्रकार फिल्ड भत्ता भुक्तानी लिएको कर्मचारी अन्यत्र काजमा खटिइ दैनिक भ्रमण भत्ता भुक्तानी लिदा दैनिक भत्ता लिएको अवधिको फिल्ड भत्ता घटाएर मात्र दैनिक भत्ता भुक्तानी लिनु दिनु पर्नेमा सो समेत घटाउने गरेको नदेखिएकोले उक्त रकम समेत दोहोरो भुक्तानी हुन गएको देखियो । उदाहरणको लागि निम्न कर्मचारीहरुलाइ देहाय अनुसार रु.६७२०००। भुक्तानी गरेकोलाइ लिन सकिन्छ । यस प्रकार भुक्तानी गरेको फिल्ड भत्ता रकमलाइ नियमित भन्न मिल्ने नदेखिएको रु...

सि.न.	नाम	पद	महिना	कर बाहेक रकम
१	श्री संदिप के.सी.	ईन्जिनियर	१२	९६०००।००
२	श्री विकास सेडाई	सव ई	१२	८४०००।००
३	श्री सुमन न्यौपाने	अमिन	१२	७२०००।००
४	श्री अनिल बडाल	अ स ई	१२	७२०००।००
५	श्री संदिप श्रेष्ठ	अ स ई.	१२	७२०००।००
६	श्री भुवनेष्वर कुमार साह	सव ई.	१२	४८०००।००
७	श्री सविना वसयाल	सव ई	१२	४८०००।००
८	श्री योगेश चौधरी	स पाचौं	१२	४८०००।००
९	श्री सत्रुधन प्रसाद साह	स पाचौं	१२	४८०००।००
१०	श्री नारायण जोसी	अ सव ई	१२	८४०००।००
जम्मा				**६७२०००।**

अनियमित भएको	६,७२,०००

५५ **सेनिटरी प्याड**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१को क्रियाकलाप २.७.१३.२३ मा सामुदयिक विद्ययालयका छात्राहरुलाई निशुल्क सेनीटरी प्याड व्यवस्थापनका लागि अनुदान दिने व्यवस्था छ ।साथै बितरण तथा व्यबस्थापन कार्यबिधि २०७६ को परिच्छेद ३ बमोजिम बिद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरीप्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनु पर्ने व्यवस्था छ । पालिकाले १६ वटा विद्ययालयमा विद्यार्थी संख्याको आधारमा रु.१३१२०००। अनुदान खर्च लेखेको छ । यसरी स्थानिय तहले विद्यायलबाट हुने स्यानटरी प्याडको वितरण तथा प्रयोगको अवस्थाको अनुगमन गर्ने व्यवस्था छ ।नियममा तोके बमोजिम पालिकाका शिक्षा शाखाबाट स्यानटरी प्याडको वितरण तथा प्रयोगको अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१३,१२,०००

५६ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ अनुसार दिवा खाजा अन्तर्गत कर्णाली अञ्चलका मुगु,डोल्पा,हुम्ला,जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहले प्रति विद्यार्थि दैनिक रु २०।का दरले तथा अन्य स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु१५। का दरले १८० दिनका लागि विद्यालयमा अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्ष दुबै जनाबाट प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी संख्या यकिन भए पश्चात मात्र अनुदान दिने व्यवस्था छ । पालिकाले प्रथम, दोस्रो, तेस्रो र चौथो चौमासिकमा विभिन्न विद्यालयमा १४२५ जना विद्यार्थीको १८० दिनको EMIS तथा विद्यालयहरुको माग फारम अनुसार रु.१५दरले जम्मा रु.३८,४९०१५। निकासा भएको प्राप्त विवरणबाट देखिन्छ ।

५७ **मुल्याङ्कन फारम वेगर**

४२२।२०८१।३।३१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । कृषि उत्पादन तथा पशुपालन पाकेट क्रमागत योजना अन्तर्गत चन्देश्वर कृषि समुहका १४ जना सदस्यहरुलाई बाख्रा खोर बनाए बापत रु.४९९३७९। भुक्तानी दिदाँ मुल्याङ्कन फारममा प्रमुख प्रशासकिय अधिकृतको हस्ताक्षर तथा प्रमाणित वेगर भुक्तानी दिएकोले नियमको पालना नभएको रु...

अनियमित भएको	४,९९,३७९

५८ **वडा कार्यालयले खरिद गरेको सामानको स्रेस्ता नराखेको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । साथै नियम १०० बमोजिम प्रत्येक कार्यालयले गत आर्थिक बर्षको मौज्दात, चालू आर्थिक बर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको मालसामान र वस्तुगत सहायताको रुपमा प्राप्त भएको मालसमान समेत उल्लेख गरी कुल सम्पती तथा जिन्सी मालसमानको परिमाण र मूल्य, चालु आर्थिक बर्षमा लिलाम, मिनाहा वा हस्तान्तरण खर्च भएको परिमाण र मूल्य तथf बाँकि जिन्सि मालसामानको परिमाण र मूल्य समेत खुलाई जिन्सी मालसामानको स्रेस्ता महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने व्यवस्था छ ।यस पालिकाको निम्न वडा कार्यालयले देहाय बमोजिमका मालसामानहरु खरिद गरी पालिकाको PAMS मा स्टोर दाखिला गरेको नदेखिएले गर्नुपर्ने रु

सि.न.	भौ.च.न. मिति	वडा कार्यालय	विवरण	रकम
१	८८५।२०८०।१२।२७	२	फर्निचर तथा सोलार	३४९७३०।००
२	८९३।२०८०।१२।२७	९	प्लाष्टिक टनेल	१८१७२०।००
३	९५४।२०८१।१।१२	४	HDPE PIPE	१८४०००।००
४	९५९।२०८०।९।४	१	ग्यास चुलो	१९९८६५।००
			जम्मा	९१५३१५.।००

प्रमाण पेश नगरेको	९,१५,३१५

५९ असम्वन्धित व्यक्तिबाट कार्यक्रम संचालन

१५७८।२०८१।३।२४ स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अन्तर्गत स्थानिय निकायले विषयगत नियम, कानन तथा कार्यविधि बनाउने प्रावधान रहेको छ । पालिकाले दफा १०२ ले दिएको अधिकार बमोजिम उप प्रमुख महिला उद्यमी पर्वर्धन कार्यक्रम संचालन कार्यविधि, २०८० पारित गरि लागु गरेको छ । कार्यविधिको दफा ८ मा तीन सदस्य अनुगमन समिति गठन गरेकोमा नगर प्रमुख संयोजक, सम्बन्धित वडाको वडा अध्यक्ष सदस्य र आर्थिक प्रशासन शाखा प्रमुख सदस्य सचिव तोकिएको छ ।पालिकमा यससंग सम्वन्धित कार्यक्रम संचालन गर्न आर्थिक कृर्षि विकास उपशाखा, पशु सेवा उपशाखा, सहकारी उद्योग पर्यटन तथा रोजगार प्रवर्धन उपशाखा, महिला बालवालिका तथा जेष्ठ नागरीक उपशाखा हुदाहुदै पालिकाले छुटै कार्यविधि बनाएर प्रशासन शाखा प्रमुखलाई फोकल ब्यक्ति तोकि महिला उद्यमी प्रबर्धन कार्यक्रम अन्तर्गत योवर्ष रु.२८,२१,८९०। खर्च गरी भुक्तानी गरेको छ ।महिलाहरुको आर्थिक विकासको लागि सिपमुलक कार्य, कृर्षि उत्पादन तथा पशुपालन सम्वन्धि व्यवसाय संचालन गर्न संघीय कृर्षि तथा पशुपन्छी विकास मन्त्रालयको वित्तिय हस्तान्तरित कृर्षि तथा पशु विकास कार्यक्रम संचालन कार्यविधि, २०८० अन्तर्गत कार्यक्रम गर्नुपर्ने व्पवस्था छ । सम्वन्धित शाखाले गर्नुपर्ने कार्य पालिकाले छुटै कार्यविधि बनाई सम्पन्न गरेको कार्य गुणस्तरीय, विश्वशनिय, दिगोपन तथा टिकाउ भएको भन्न मिल्ने देखिएन ।

६० . मिति वेगरको प्रमाण कागजात

१५२९।२०८१।३।२३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । यस पालिकाले देहाय बमोजिम योजनाको भुक्तानी गर्दा नापी किताब तथा कार्यसम्पनमा मिति उल्लेख नभएको कागजात पेश गरेको आधारमा रु.१२५६२७८। भुक्तानी गरेकोले उक्त योजना सम्पन्न भएको प्राविधिकले गरेको नापी किताब तथा अनुगमन मुल्याकनको प्रमाण कागजात पेश गर्नुपर्ने रु…

सि.न	भौ.न. मिति	योजनाको नाम	रकम
१	१५२९।२०८१।३।२३	गाउँघर क्लिनिक निर्माण	४८४००६
२	१५५९।२०८१।३।२४	पशु तथा कृर्षि शाखाको कम्पाउण्डिङ्ग	७७२२७२
		जम्मा	१२५६२७८

प्रमाण पेश नगरेको	१२,५६,२७८

६१ सामाजिक सुरक्षा

नगरपालिकाले यस बर्ष सामाजिक सुरक्षा शिर्षकमा जम्मा बजेट रु १४४६६९५११/- निकासा भएकोमा बाँकी बजेट रु ० रहेको र सामाजिक सुरक्षा भत्ता वापत आ.व. २०८०/०८१ मा कुल बजेट रु १४४६६९५११/- वितरण भई २०८०/०८१ को मृतक लाभग्राहीको जम्मा फिर्ता रकम यकिन हुन नसकेको र श्रेस्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

(क) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नविकरण, लगत कट्टा तोकिएको मिति भित्रै

परिचयपत्र अनिवार्य रुपमा नविकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने बैंक मार्फत वितरण गर्नुपर्ने नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अध्यावधिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानिय निकायको हुने व्यवस्था गरेको छ ।लेखापरीक्षण योजना अनुसार वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैंक मार्फत वितरण गरेको भत्ताको अध्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन । निश्चित समय अन्तरमा लगत अध्यावधिक नभएकोले मृत्यु भई लाभग्राही सुचिबाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैंकमा निकासा जाने गरेको देखियो । लाभग्राही लागत अध्यावधिक गरि सोही आधारमा निकासा वयवस्थापन गर्नुपर्छ ।

(ख) सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानिय तहका साथै विभागलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा निष्क्रिय लाभग्राहीको खाता माग गर्दा उपलब्ध गराएको छैन । नगरपालिकाले निष्क्रिय लाभग्रहीको खाताको विवरण माग गरी लगत अध्यावधिक गर्नु पर्दछ।

(ग) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५, को परिच्छेद ४, दफा १६ मा स्थानिय तहले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोज १ गतेबाट दोस्रो हप्ताभित्र, दोस्रो चौमासिक माघको १ गते बाट दोस्रो हप्ता भित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गर्नुपर्ने भएकोले समयमै सामाजिक सुरक्षा भता वितरण गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण समयमै अद्यावधिक हुन नसकेको देखिएकोले समयमै अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

(घ) बढी भुक्तानी : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बमोजिम मृत्यु भएका लाभग्राहीको मृत्यु भएपश्चात हुन आउने रकम कट्टा गरी बाँचेको अवधि सम्मको रकम मात्रै भुक्तानी गर्नुपर्नेमा सो नभई बढी भक्तानी भएको देखियो।यसरी भुक्तानी भएको रु ४,५७,२६४/- सम्बन्धित लाभग्राहीबाट असुलउपर गर्नुपर्ने देखिन्छ ।

क्रस	नाम थर	वडा नं	लगत कट्टा हुनुपर्ने मिति	कुल भुक्तानीर रु	बढी भुक्तानी रु	कैफियत
१	लाल बहादुर सुनार	१	२०८१/०३/२१	१२,०००	१,२००/-	चौथो त्रैमासिक
२	उजेली मिश्र	१	२०८०/०८/१७	१२,०००	५,७३३/-	द्धितीय त्रैमासिक
३	कृष्ण माया पौडेल	१	२०८०/०९/२५	१२,०००	१२,६६५ /-	पहिलो र द्धितीय त्रैमासिक
४	सुर्य बहादुर क्षेत्री	३	२०८०/०६/१६	७७३३	२४,०००/-	द्धितीय र तृतीय त्रैमासिक
५	चन्द्र बहादुर दुरा	३	२०८०/०६/१९	१२,०००	२४,०००/-	द्धितीय र तृतीय त्रैमासिक
६	श्री माया घर्ति भुजेल	४	२०८०/०९/२१	६३८४	९३३/-	दितीय त्रैमासिक
७	टेकनाथ न्यौपाने	४	२०८०/११/१३	१२,०००	१८,२६१/-	द्धितीय र तृतीय त्रैमासिक
८	खुशी राम लामिछाने	४	२०८०/१२/२०	१२,०००	१३,३३०/-	तृतीय र चौथो त्रैमासिक
९	तोत्र बहादुर सापकोटा	६	२०८०/०८/०१	१२,०००	२०,०००/-	द्धितीय र तृतीय त्रैमासिक
१०	मोतिलाल श्रेष्ठ	७	२०८०/०६/१२	१२,०००	२,३९४/-	प्रथम त्रैमासिक
११	पालधोज गरुङ	८	२०८१/०३/०२	१२,०००	४,०००/-	चैथो त्रैमासिक
१२	श्रीमाया बोहोरा	८	२०८०/१२/२८	१२,०००	४,०००/-	तृतीय त्रैमासिक
१३	बामदेव खनाल	९	२०८०/०९/१६	१२,०००	१,८६२/-	द्धितीय त्रैमासिक
१४	भोजराज पोखरेल	९	२०८०/०४/२६	१२,०००	८,५३२/-	प्रथम त्रैमासिक
१५	यम बहादुर गरुङ	९	२०८०/०६/२०	६३८४	१,३३०/-	प्रथम त्रैमासिक
१६	खामी घले	९	२०८०/०९/२५	१२,०००	६६५/-	द्धितीय त्रैमासिक
१७	रामबहादुर न्यौपाने	१०	२०८०/१२/२५	१२,०००	७९८/-	तृतीय त्रैमासिक
१८	मनबहादुर दुरा	११	२०८०/०५/२३	१२०००	४,९३१/-	प्रथम त्रैमासिक
१९	कलम बहादुर दुरा	११	२०८०/०५/१८	१२०००	५,५९६/-	प्रथम त्रैमासिक
२०	दुर्गे दुरा	११	२०८०/१२/२५	१२०००	४,२८०/-	तृतीय र चौथो त्रैमासिक
२१	केशमारा	११	२०८०/०६/१३	७९८०	१,५०७/-	प्रथम त्रैमासिक
२२	फुलमाया दुरा	११	२०८१/०२/२५	१२०००	४,६७५/-	चौथो त्रैमासिक
२३	जौमाया दुरा	११	२०८१/०२/२८	१२०००	४,२७६/-	चौथो त्रैमासिक
२४	कल्चु दुरा	११	२०८१/०२/२३	१२०००	४,९००/-	चौथोत्रैमासिक
	जम्मा				१,७३,८६८/-	

असुल गर्नुपर्ने	४,५७,२६४

६२ **बैठक भत्ता:** (१५-२०८०-११-३):

प्रदेश खर्चको मापदण्ड २०७९ परिच्छेद २ को ३ मा बैठक भत्ताको मापदण्ड सम्बन्धि व्यवस्था रहेको छ । सो बुदाको (ग) मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गरिने छैन भन्ने स्पष्ट व्यवस्था रहेको छ साथै सोहि मापदण्डको (क) मा बैठक सार्वजनिक बिदाका दिन वा कार्यालय खुलेको दिन कार्यालय समय अघि वा पछि बसेको हुनु पर्नेछ भन्ने

व्यवस्था रहेको छ । तर पालिकाको किसान सूचिकरण कार्यक्रम अन्तर्गत बसेको बैठकमा कार्यालय प्रमुख समेत ८ जना कर्मचारीलाइ रु.३५७००। बैठक भत्ता भुक्तानी गरेकोमा मिति उल्लेख भएपनि कार्यालय खुलेको समयमा बसेको बैठको समय उल्लेख भएको देखिएन । मापदण्डले व्यवस्था गरेअनुसार बैठक कार्यालय खुलेको दिन कार्यालय समय अघि वा पछि बसेको हो कि कार्यालय समयमा बसेको हो एकिन हुन नसकिएकोले मापदण्डमा व्यवस्था भएअनुसार बैठकको समय खुल्नेगरि उपस्थिति पुस्तिका तयार गरेर मात्र बैठक भत्ता भुक्तानी दिनु पर्दछ ।

६३ **मापदण्डको उल्लंघन** (२३-२०८०-११-२१):

प्रदेश खर्चको मापदण्ड २०७९ परिच्छेद २ को ३ मा बैठक भत्ताको मापदण्ड सम्बन्धि व्यवस्था रहेको छ । सो बुदाको (ग) मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गरिने छैन भन्ने स्पष्ट व्यवस्था रहेको छ साथै सोहि मापदण्डमा कानून तथा कुनै निर्णय एवम् आदेशबाट गठित समिति वा कार्यदलको बैठकका लागि मात्र भत्ता प्रदान गरिने उल्लेख छ । बैठकमा आवश्यकतानुसार बढीमा तीन जना सम्म थप व्यक्ति राख्न सकिनेछ । कार्य प्रकृति अनुसार मितव्ययी ढङ्गले न्यूनतम संख्यामा बैठक बसी कार्य सम्पन्न गर्नु पर्नेछ । बैठक सार्वजनिक बिदाका दिन वा कार्यालय खुलेको दिन कार्यालय समय अघि वा पछि बसेको हुनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । पालिकाले अनलाइन ठेक्का प्रणाली, शिल्डबन्दी दरभाउपत्र, कोटेशन, सामाग्री खरिद तथा कार्यक्रम सञ्चालनका लागि बिभिन्न समयमा पालिकाका मात्र कर्मचारी समावेश भइ बैठक बसेको जनाइ खरिद समितिको बैठकमा २३ जना कर्मचारीलाइ एक देखि १०४ वटा बैठकसम्मको प्रति बैठक रु १०००। ले हुने रु ७८९४८०। बैठक भत्ता भुक्तानी गरेको छ । मापदण्डमा भएको ब्यवस्था प्रतिकुल हुनेगरि भुक्तानी नगर्नु तथा नगराउनु पर्नेमा सोवापत यसरी गरिएको बैठक भत्ता वापतको भुक्तानी रकम नियमसम्मत नदेखिएकोले अनियमित भएको रु

अनियमित भएको	७,८९,४८०

६४ **प्रमाण र पुष्ट्याई**

प्रमाण पेश हुनुपर्ने: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयबाट यस आर्थिक वर्ष देहाय बमोजिको भौचरबाट भुक्तानी भएकोमा खर्चको पुष्ट्याई हुने आवश्यक काजगात पेश नभएकाले खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.

भौचर नं। मिति	खर्चको विवरण	पेश गर्नुपर्ने विवरण	भुक्तानी
३०१।०८१।३।२२	सुन्दर बजार हार्डवयर बाट रु १४३८८८ को तार जालि खरिद गरि भुक्तानि गरिएको मा सो वितरणको भर्पाइ नभएको	खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने	१४३८८८
६५ २०८०।७।२	हाँडेटार सिचाई प्रणाली जल उपभोक्ता समिति लाई विविध पूजिगत योजना बजेट शिर्षकबाट रकम भुक्तानी गरेकोमा सो रकम केमा खर्च भएको कुनै पनि पुष्ठाइ गर्ने प्रमाण नभएको	खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने	५०००००
६९ २०८०।७।२	वि पी स्मृतिभवन निर्माण समितिलाई एकमुष्ठ रकाम विविध पूजिगत योजना बजेट शिर्षकबाट भुक्तानि गरिएको सो रकम केमा खर्च भएको कुनै पनि पुष्ठाइ गर्ने प्रमाण नभएको	खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने	५०००००
१३ २०८०।११।३	अन्नपुर्ण एर्भटाइजिङ प्रिन्टिङ प्रालि को छाया प्रति विल लाइ भुक्तानि गरिएकोले कर समायोजन पत्र पेश गर्नुपर्ने	खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने	७५९३६
१४ २०८०।११।३	गण्डकी मिडिया प्रालिको छाया विल लाइ भुक्तानि गरिएको सक्कल बिजक पेश हुनुपर्ने	खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने	७५९३६
	जम्मा		१२,९५,७६०

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **७९९,४४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	१२,९५,७६०

६५ **सुन्दरबजार अस्पताल तर्फ**

६५.१ (६३ -२०८१-३-२०):

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१५,४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६५.२ टुक्रा पारी सोझै खरिदः सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा सीमित हुने गरि टुक्राटुक्रा पारी खरिद गर्नुहुंदैन भन्ने व्यवस्था छ । साथै खरिद नियमावलीको नियम ८५ अनुसार सार्वजनिक निकायले २५ लाख रुपैयाभन्दा बढीको औषधीजन्य मालसामान सोझौ खरिद गर्न नसक्ने र टुक्रापारि खरिद गर्न नहुने व्यवस्था गरेको छ । सो भन्दा बढिको खरिदमा खुला वोलपत्रको माध्यामवाट खरिद गर्नुपर्दछ भन्ने व्यवस्था रहेको छ । यस पालिका अन्तर्गत सञ्चालित सुन्दर बजार अस्पतालमा यस आ व मा आवश्यक औषधि तथा इक्युपमेन्ट खरिदमा पटक पटक गरि सिधै आपुर्ति कर्ता लाई भुक्तानी गरेको देखिन्छ जुन कार्य गर्दा २५ लाख नाधेको देखिएको तर २५ लाख नाघ्ने अवस्था देखिएकोमा वोलपत्रको माध्यामवाट खरिद गर्नुपर्नेमा टुक्रा पारी खरिद गरेको देखिन्छ। खरिद योजना तथा लागत इस्टिमेट तयार गरी कुल लागतका आधारमा सीमा नाध्ने भएमा वोलपत्रको माध्यामवाट प्रतिष्पर्धा सीमित नहुनेगरी खरिद व्यवस्थापन हुनुपर्नेमा सो नगरेको देखिन्छ । ऐनमा भएको व्यवस्थाको पालना नगरेकोले नियमसम्मत मान्न नसकिएको रकम नियमित हुनुपर्ने रु

अनियमित भएको	५८,३६,७७३

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सुन्दरबजार नगरपालिका, लमजुङ , सुन्दरबजार नगरपालिका , लमजुङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Shishir paudel	२०८०-१-२६	हाल सम्म कार्यरत
लेखा प्रमुख	कल्पना पौडेल रेग्मी	२०८०-१२-२५	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
७,०४२,४२४	१०,२३०,१९३	११,५५६,२३०.०७	०	०	४६५,३८०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२९,२९४,२२७.०७
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	९०९,७७०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२८,३८४,४५७.०७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१२०१४९४४८.७५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४१८५८०८७६	चालु खर्च	४५१०३०९१५.३५
प्रदेश सरकारबाट अनुदान	१८९९०४००	पूँजीगत खर्च	१६३४८९१३२.२२
राजश्व बाँडफाँट	१०१३४०७०९.६२	वित्तीय/अन्य व्यवस्था	१७९२९८०९२
आन्तरिक आय	१४६०८३७७.७२		
अन्य आय	१८५९६९५९८.५२		
कुल आय	७३९४८९९६१.८६	कुल खर्च	७९३८१८१३९.५७
बाँकी मौज्दात		६५८२१२७१.०४	

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।